# अध्याय-एक

# शोध परिचय

## १.१ पृष्ठभूमि

मानिसले देखेको कुनै चिज वा वस्तुको प्रतिरूप तयार पार्ने कार्य नै चित्रकला हो । चित्रमा कलाकारले धेरै जसो वास्तविकता र केही अंश भएपनि आफ्नो परिकल्पना थपेको हुन्छ । चित्रकलाको सिर्जनाबाट भाषाको उत्थान भएको हो भन्ने कुरा पाषाण युगको चित्रबाट स्पष्ट हुन्छ । त्यस समयमा भाषाको अभावमा सञ्चारको माध्यम तथा दैनिक घटना दर्शाउन चित्रहरूको प्रयोग गरिन्थ्यो । तसर्थ चित्रलाई भाषाको पहिलो खुड्किलो मान्न सकिन्छ (दुलाल : २०६७) ।

बालवालिकाको सिकाइलाई प्रभावकारी र दिगो बनाउन भाषाको आवश्यकता पर्दछ । यसरी सिकाइ कार्यलाई अझ प्रभावकारी र दिगो बनाउन भाषा पाठ्यपुस्तकमा चित्रलाई समावेश गरिएको हुन्छ (के.सी. : २०६७) । पाठ्यपुस्तकमा राखिने सबै किसिमका सामग्रीहरूको कुनै न कुनै उद्देश्य रहको हुन्छ । भाषा शिक्षण सिकाइमा चित्रहरू हेर्न, वर्णन गर्न, छलफल गर्न, तुलना गर्न, पाठप्रति अभिप्रेरित गर्न आदि जस्ता कार्यमा चित्रको प्रयोग गरिन्छ । भाषा शिक्षणमा प्रयोग गरिने शिक्षण विधिहरू (व्याख्यान, छलफल, अभिनय, प्रश्नोत्तर आदि) सँग पाठमा प्रयुक्त चित्रलाई सन्दर्भ मिलाई प्रस्तुत गरेमा कक्षा रोचक र स्मरणत्मक हुन्छ ।

हरेक पाठ्यपुस्तकमा चित्रको विशेष महफ्व रहेको हुन्छ । अझ त्यसमा पनि भाषा पाठ्यपुस्तकमा भाषिक सिप विकासका लागि यसको महफ्व अझ बढी हुन्छ । माध्यामिक तहभन्दा निम्न माध्यामिक र निम्न माध्यामिकभन्दा प्राथमिक तहमा चित्रहरू तुलनात्मक रूपमा बढी उपयोगी एवम् महफ्वपूर्ण हुन्छन् पाठ्यपुस्तकमा कतै रेखाचित्रको प्रयोग गरिएको हुन्छ भने कतै फोटोचित्रको प्रयोग गरिएको हुन्छ । चित्र आफैँ बोल्छ भन्ने कथनले पनि पाठ्यपुस्तकमा चित्रको महफ्व झल्किन्छ । यसबाट पाठ्यपुस्तकका उद्देश्यहरू पुरा गर्न चित्रको महफ्वको पनि स्पष्ट हुन्छ । चित्र राख्नुको उद्देश्य बालबालिकाहरूमा चित्र कोर्ने बानीको समेत विकास गर्नु हो तर फोटो राखेर त्यो उद्देश्य पुरा गर्न त्यति सकिने देखिदैन । यसरी शिक्षण सिकाइलाई प्रभावकारी पार्न, विद्यार्थीहरूलाई निरन्तर रूपमा कार्यकलापमा सरिक बनाउन र चित्रको माध्यमबाट विषयवस्तु सहज ढङ्गले बुझ्न चित्रको प्रयोग गरिएको हुन्छ जसको लागि पाठ्यपुस्तकमा प्रयुक्त चित्रहरू आकर्षक, स्पष्ट, स्तर मिल्दो, रहनु पर्दछ । कुनै पनि नवीन विषयवस्तु वा दृश्यवलीहरू सम्बन्धी धारणा बसाल्न, सुक्ष्म

दृष्टिकोण वृद्धि गर्न, वर्णनात्मक क्षमता विकास गर्न र अनुकरणात्मक सीप र कलाको समेत प्रवर्द्धन गर्न भाषा पाठ्यपुस्तकमा चित्रले प्रभावकारी भूमिका खेलेको हुन्छ। यसरी विद्यालय तहमा अध्ययन हुने पाठ्यपुस्तकमा प्रयुक्त चित्रहरू पाठ अनुरूप राखिएका, चित्रहरू विद्यार्थीका शैक्षिक र मनोवैज्ञानिक पक्ष अनुकूल रहेका, चित्रहरू विद्यार्थीहरूलाई पढाइप्रति उत्सुक गराउने किसिमका हुनु पर्छ । तसर्थ प्रस्तुत अध्ययनमा यी नै कुरालाई केन्द्र विन्दु मानि अध्ययन कार्य अगाडि बढाइएको छ ।

## १.२ समस्या कथन

भाषा विचार विनिमयको एक सशक्त माध्यम भएकाले मानिसका हरेक सन्दर्भ एवम् प्रसङ्गमा यसले प्रत्यक्ष सरोकार राख्ने हुनाले पनि पठनपाठनका क्रममा यसको महफ्वपूर्ण भूमिका रहेको देखिन्छ । भाषा पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यहरू परिपूर्ति गर्नका लागि नै भाषा पाठ्यपुस्तकको निर्माण गरिएको हुन्छ । अन्य विषयका पाठ्यपुस्तक भन्दा भिन्न प्रकृतिको हुने भाषा पाठ्यपुस्तक भाषा शिक्षणका सन्दर्भमा निकै महफ्वपूर्ण सामग्री हो । त्यसैले पनि भाषा पाठ्यपुस्तकमा निहित विविध पक्षको बारेमा अध्ययन अनुसन्धान हुनु स्वाभाविकै हो । यसका लागि अन्य पक्षहरू जस्तै पाठ्यपुस्तकमा समावेश गरिएका चित्रहरूको भूमिका पनि महफ्वपूर्ण रूपमा देखिन आउँछ ।

निकै ठूलो महफ्व बोकेका चित्रहरूको सहयोगबाट कसरी र के कुरा सिकाउने भन्ने कुराको निर्देशन चाहीँ पाठ्यपुस्तकमा दिइएको पाइँदैन । चित्रहरूको सहयोगबाट भाषा सिकारूलाई सिकाउनु औचित्यपूर्ण कार्य भएतापनि यो कार्य भने नयाँ देखिएको छ । अतः विद्यार्थीहरूको रूचि, इच्छा एवम् आवश्यकताका आधारमा विद्यार्थी केन्द्रित शिक्षण गर्न उपयुक्त चित्रहरूको छनोट गरी शिक्षण गर्न सकेको खण्डमा शिकाइामा नयाँपन आउने निश्चित नै छ । कक्षा ४ को मेरो नेपाली किताबमा समाविष्ट चित्रहरूको अध्ययन गर्दा शोधकार्यमा देखापरेका समस्याहरू यस प्रकार रहेका छन् :

(क) कक्षा-४ को मेरो नेपाली किताबमा प्रयुक्त चित्रहरू पाठ अनुरूप राखिएका छन् कि छैनन् ?

(ख) उक्त चित्रहरू विद्यार्थीका शैक्षिक र मनोवैज्ञानिक पक्ष अनुकूल छन् ?

(ग) उक्त चित्रहरू विद्यार्थीहरूलाई पढाइप्रति उत्सुक गराउने किसिमका छन् ?

(घ) उक्त चित्रहरूको उपयुक्तताका लागि के कस्ता सुझाव दिन सकिन्छ ?

## १.३ शोधकार्यको उद्देश्यहरू

प्रस्तुत शोधपत्रका उद्देश्यहरू यस प्रकार छन् :

(क) कक्षा ४ को मेरा नेपाली किताबमा प्रयुक्त चित्रहरूको पाठ अनुरूपताको अध्ययन गर्नु ।

(ख) उक्त पाठ्यपुस्तकमा प्रयुक्त चित्रहरू शैक्षिक र मनोवैज्ञानिक पक्षका भए नभएको अध्ययन गर्नु ।

(ग) उक्त चित्रहरूले विद्यार्थीहरूको पढाइलाई उत्सुकता जगाउन सक्ने वा नसक्ने पत्ता लगाउनु ।

(घ) चित्रहरूको उपयुक्तताका लागि सुझाब दिनु ।

## १.४ अध्ययनको औचित्य र महफ्व

भनिन्छ, जग बलियो भएमा मात्र घर बलियो हुन्छ । त्यस्तै राष्ट्रको विकासको लागि अपरिहार्य तफ्व भनेको शिक्षा हो । गुणस्तरीय शिक्षाको लागि शिक्षाको जग पनि बलियो हुनुपर्छ । शिक्षालाई उत्पादनशील र व्यावहारिक बनाउनका लागि विद्यालयीय शिक्षालाई नै गुणस्तरीय बनाउँदै लैजानु आवश्यक छ । त्यसका लागि भाषा पाठ्चपुस्तकका हरेक क्रियाकलापलाई ध्यान दिनु नितान्त आवश्यक देखिन्छ ।

चित्रका माध्यमबाट पाठले भन्न खोजेको कुरालाई सजिलै र स्पष्टसँग बुझाउन सकिन्छ । चित्रहरू स्वयम्ले बोलिरहेका हुन्छन्, उनीहरूको बोली बुझ्न मात्र सक्नु पर्दछ । अझ स-साना बालबालिकाको मानसपटलमा त झन् चित्रले निकै गहिरो छाप पार्दछ । एकसँग अर्कोको तुलना गराउन पनि चित्रको महफ्व रहेको हुन्छ । प्रश्नोत्तर गराउन, छलफल वा कुराकानीमा सरिक गराउन पनि चित्रको त्यत्तिकै महफ्व हुन्छ । विद्यार्थीलाई सिक्ने प्रेरणा प्रदान गर्न चित्रको धेरै आवश्यकता रहेको हुन्छ । त्यस कारण यस्ता विभिन्न कुराहरूलाई विचार गर्दा कक्षा-४ को मेरो नेपाली किताबमा चित्रहरू राखिनु र चित्रहरूको सहयोगबाट सिकाइ प्रक्रिया अगाडि बढाउनु औचित्यपूर्ण देखिन्छ । यसरी चित्रहरूको अध्ययनले बालबालिकालाई शिक्षण सिकाइ, शिक्षक तथा पाठ्यक्रम निर्माणकर्ता समेतलाई सहयोग पुऱ्याउने भएको हुँदा चित्रको अध्ययन गरिनु आफैमा महफ्वपूर्ण तथ्य रहेको छ ।

भाषा पाठ्चपुस्तकमा चित्रहरूको महफ्वपूर्ण आन्तरिक भूमिका रहेको हुन्छ । कुनै पनि नवीन विषयवस्तु वा दृश्यवलीहरू सम्बन्धी धारणा बसाल्न, सुक्ष्म दृष्टिकोण वृद्धि गर्न, वर्णनात्मक क्षमता विकास गर्न र अनुकरणात्मक सीप र कलाको समेत प्रवर्द्धन गर्न भाषा पाठ्चपुस्तकमा चित्रले प्रभावकारी भूमिका खेलेको हुन्छ । भनिन्छ हजारौ शब्दमा वयान गरेर

अर्थ र धारणा प्रष्ट पार्न नसकिने कुरालाई एउटै चित्रका माध्यमले सजिलै र स्पष्ट किसिमको धारणा बसाल्न सकिन्छ । त्यसैले कतिपय अवस्थामा चित्र एवम् चित्रावलीहरूको सान्दर्भिक उपयोग पाठ्यपुस्तकमा आवश्यक पर्दछ ।

प्रारम्भिक तहमा भाषा पाठ्यपुस्तकमा अक्षर र शब्दको धारणा बसाल्न पनि चित्रहरूको अत्याधिक उपयोग गरिनु पर्दछ । प्रारम्भिक तहमा प्रयोग गरिने चित्रहरू रङ्गीन, स्पष्ट, ठूला र वस्तुगत हुनु अत्यावश्यक मानिन्छ किनभने प्रारम्भिक तहका विद्यार्थीहरू गम्भिर र भावात्मक कुराहरू बुझ्न समर्थ हुदैनन् र सानो आकार एवम् अनाकर्षक रङले उनीहरूको मनलाई आकर्षित गर्न पनि सक्दैन । अतः भाषा शिक्षण सिकाइमा भाषा पाठ्यपुस्तकले विद्यार्थीहरूको मनलाई आकर्षित गर्न सकोस्, रोचकता र घत लाग्दोपन सिर्जना गर्न सकोस्, विद्यार्थीहरूलाई पाठ्यपुस्तकसित खेलिरहन प्रोत्साहित गरोस् र सँगसँगै अपेक्षित किसिमका भाषिक कार्यकलापहरूमा सरिक हुन प्रेरित गरिरहोस् भन्नेतर्फ ध्यान दिन आवश्यक हुन्छ ।

प्रारम्भिक तहभन्दा माथिका कक्षाहरूमा चित्रको संख्या क्रमशः घटाउदै लैजानु पर्दछ तर चित्रको उपयोग नै नगर्ने भन्ने कुरा चाँहि होइन । माथिल्ला कक्षाका चित्रहरू अपेक्षित किसिमले साना र भावात्मक किसिमका पनि हुन सक्छन् साथै चित्रहरू श्यामश्वेत नै भए पनि स्पष्ट हुनु पर्दछ, उपयुक्त आकारका हुनु पर्दछ, आकर्षक हुनु पर्दछ र उद्देश्यपरक हुनु पर्दछ । तसर्थ भाषा पाठ्यपुस्तकको आन्तरिक विशेषता वा स्तर उपयुक्तताको एउटा प्रवल माध्यम चित्रको उपयोग प्रक्रिया र व्यवस्थालाई मान्न सकिन्छ ।

समग्रमा भन्नु पर्दा शिक्षण सिकाइ क्रियाकलापलाई जीवन्त, परिणाममुखी तथा चिरस्थायी बनाउन चित्रहरूको अध्ययन एवम् विश्लेषण गर्न अत्यन्तै आवश्यक भएकाले प्रस्तुत शोधकार्य गर्ने जमर्को गरिएको छ । यसबाट पाठ्यक्रम निर्माताहरूलाई, त्यसै गरी पाठ्यक्रमको मर्मलाई सिकारूहरूको माझमा प्रस्तुत गरिने माध्यमको रूपमा रहेको पाठ्यपुस्तक निर्माण गर्ने निर्माताहरूलाई मार्ग निर्देश गर्नेछ । त्यसै गरी यस शोधकार्यले शिक्षक एवम् विद्यार्थीहरूलाई सिकाइ क्रियाकलाप प्रभावकारी बनाउन सघाउ पुऱ्याउने छ । साथै यस शोधकार्यले चित्र सम्बन्धी अध्ययन एवम् अनुसन्धान गर्न चाहने भावी अनुसन्धान कर्ताहरूलाई समेत उचित मार्ग निर्देशन गर्नेछ । त्यसैले प्रस्तुत शीर्षकमा शोधकार्य गरिनु आफैमा महफ्वपूर्ण एवम् औचित्यपूर्ण रहेको छ ।

## १.५ शोधको क्षेत्र र सीमा

शोध अध्ययन एउटा जटिल र कठिन कार्य हो । शोधका लागि भाषा, साहित्य, ईतिहास, ज्ञानविज्ञान जस्ता अनेक क्षेत्रहरू रहन्छन् । ती विशाल क्षेत्रको अध्ययन कार्यलाई समेट्न असम्भव हुने भएकाले शोधलाई निश्चित क्षेत्रमा सीमाङ्कन गर्नु पर्ने हुन्छ, त्यसैले प्रस्तुत अध्ययनलाई निम्न लिखित सीमामा सीमाङ्कन गरिएको छ :

क) प्रस्तुत अध्ययन जनक शिक्षा सामग्री केन्द्र लिमिटेड द्वारा मुद्रित कक्षा चारको नेपाली भाषा पाठ्यपुस्तकमा सीमित रहेको छ ।

ख) प्रस्तुत अध्ययन निर्दिष्ट पाठ्यपुस्तकमा समाविष्ट चित्रहरूको अध्ययनमा मात्र सीमित रहेको छ ।

ग) निर्दिष्ट पाठ्यपुस्तकमा समाविष्ट चित्रहरूको आन्तरिक र वाह्या आधारका दृष्टिले उपयुक्तता केलाउनमा मात्र सीमित गरिएको छ ।

घ) निर्दिष्ट भाषा पाठ्यपुस्तकमा समाविष्ट चित्रहरूको व्याख्या विश्लेषणमा मात्र सीमित रहेको छ ।

(ङ) यी बाहेकका कुराहरू यस शोधकार्यको सीमाका रूपमा रहेका छन् ।

## १.६ अध्ययनको रूपरेखा

प्रस्तुत अध्ययनलाई निम्नलिखित पाँच अध्यायमा प्रस्तुत गरिएको छ :

| | | |
|---|---|---|
| अध्याय एक | : | शोध परिचय |
| अध्याय दुई | : | पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा |
| अध्याय तीन | : | अध्ययन विधि र प्रक्रिया |
| अध्याय चार | : | व्याख्या तथा विश्लेषण |
| अध्याय पाँच | : | निष्कर्ष तथा सुझाबहरू |

सन्दर्भसामग्री सूची

परिशिष्ट

# अध्याय-दुई

# पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा

## २.१ पूर्वकार्यको पुनरावलोकन

अनुसन्धान गर्नुभन्दा पहिले सम्बन्धित विषयमा लेखिएका ग्रन्थ अनुसन्धान, पत्रपत्रिका तथा अन्य श्रव्य दृश्य सामग्री पढेर, सुनेर अध्ययन मनन गरेर र तिनको सङ्क्षिप्त टिप्पणीमूलक समीक्षा गर्नु पूर्वकार्यको पुनरावलोकन हो । यसले सम्बन्धित विषयमा भएका यावत कृति तथा अनुसन्धानहरूको सम्पूर्ण जानकारी दिन्छ जसले गर्दा अनुसन्धानकर्तालाई आफ्नो गन्तव्य पहिचान गर्न सहज र सरल बनाउँछ । यस कार्यबाट शोधका क्षेत्रमा हुने पुनरावृत्तिलाई निर्मूल पार्न सकिन्छ । पूर्वकार्यको पुनरावलोकनले अनुसन्धानलाई उपलब्धिमूलक बनाउनुको साथै अनुसन्धानकर्तालाई समेत सम्बन्धित विषयमा पूर्ण विज्ञ बन्न मद्दत गर्दछ ।

भनिन्छ, हजारौं शब्दले व्यक्त गर्न नसकेको कुरा एउटै मात्र चित्रले स्पष्ट पारिदिन सक्छ । मानव सभ्यताको इतिहासमा पनि भाषा भन्दा पहिला चित्रकलाको विकास भएको पाइन्छ । सबैले बुझ्ने र बुझाउन सकिने भाषा भएकाले चित्रलाई “अन्तर्राष्ट्रिय भाषा” पनि भनिन्छ । यस अध्ययनमा पनि चित्रसँग सम्बन्धित भई गरिएका विगतका अध्ययनहरूको अध्ययन गरिएको छ । यहाँ प्रस्तुत शोधसँग सम्बद्ध उपलब्धि अनुसन्धानलाई पूर्वकार्यको रूपमा निम्न अनुसार प्रस्तुत गरिएको छ :

अधिकारी (२०४४), को सम्पादनमा प्रकाशित ‘**शिक्षालाई जीवनोपयोगी बनाउने कारक तफ्वहरू**’ का अनुसार चित्रहरू सामान्यतया सबै पाठ्यपुस्तकमा चाहिन्छ तर विशेषतः विज्ञान तथा स्वास्थ्यका पाठ्यपुस्तकमा प्रयोग र उदाहरण दिन चित्रहरूलाई अझ बढाउन सकिएमा विषय वस्तुहरू अझ रूचिपूर्ण हुने बताइएको भएपनि उक्त सबै कुराको विकासमा नेपाली भाषाको उपयोगिता रहने हुँदा भाषा सिकाइमा पनि चित्रहरूको मुख्य भूमिका रहेको हुन्छ ।

अन्य विषयका पाठ्यपुस्तकहरूमा झैं भाषा पाठ्यपुस्तकमा पनि चित्रहरूको महत्वपूर्ण आन्तरिक भूमिका रहेको हुन्छ । कुनै पनि नवीन विषयबस्तु वा दृश्यावलीहरू सम्बन्धी धारणा बसाल्न, शुक्ष्म दृष्टिकोण बृद्धि गर्न, वर्णनात्मक क्षमता विकास गर्न र अनुकरणात्मक सिप र कलाको समेत प्रवर्धन गर्न भाषा पाठ्यपुस्तकमा चित्रहरूले प्रभावकारी भूमिका खेलेको हुन्छ । हजारौ शब्दमा वयान गरेर अर्थ र धारणा स्पष्ट पार्न

नसकिने कुरालाई एउटै चित्रका माध्यमले सजिलै र स्पष्ट किसिमको धारणा बसाल्न सकिन्छ । त्यसैले कतिपय सन्दर्भमा चित्र एवं चित्रावलीहरूको सान्दर्भिक उपयोग भाषा पाठ्यपुस्तकमा आवश्यक पर्दछ । दृश्यचित्रले जस्तै स्पष्ट धारणा विकास गर्न मद्धत पुऱ्याउने विभिन्न रेखाचित्र एवम् तालिकाहरूको पनि सान्दभिक उपयोग भाषा पाठ्यपुस्तकमा गरिनु पर्दछ र गरिएको पनि छ । रोचक र प्रभावकारी सिकाइ क्षमता बृद्धि गरी पाठ्यक्रम एवम् भाषा शिक्षणका मर्महरूलाई उच्च विन्दुमा सफलीभूत पार्न चित्रहरूको अनिवार्यता रहेको हुन्छ । अतः विज्ञान तथा स्वास्थ्यका पाठ्यपुस्तकहरूमा प्रयोग र उदाहरण दिन मात्र चित्रहरूको प्रयोग गर्नु नभई नेपाली भाषा पाठ्यपुस्तकमा पनि चित्रहरूको मुख्य भूमिका रहने कुरा निर्विवाद छ ।

आधारभूत तथा प्राथमिक शिक्षा परियोजना  प्राथमिक पाठ्चक्रम पाठ्चपुस्तक एकाइबाट प्रकाशित शिक्षक निर्देशिकाको सृजनात्मक तथा अभिव्यक्तिशील कला (२०५०) अन्तर्गत सङ्गीत, चित्रकला र हस्तकलाको वर्णन गरिएको छ । प्रस्तुत निर्देशिकामा चित्रकला र हस्तकला सिकाउनुको औचित्य अन्य पेसेवर चित्रकार बनाउने अभिप्राय नभई चित्रकला सम्बन्धी साधारण सीपको विकास गर्नु, सौन्दर्यप्रतिको आस्था र सृजनशीलताको विकास गर्नु जस्ता उद्देश्यहरू पूर्ण गर्न राखिएको पाइन्छ । यो निर्देशिका चित्रकलामा शिक्षणसँग सम्बन्धित सामग्री प्रस्तुत गरिएको भए पनि पाठ्चपुस्तकमा राखिएको चित्रहरूको अध्ययन भने गरिएको पाइँदैन ।

घिमिरे (रिमाल) (वि.सं. २०५०-०५३), ले प्राथमिक कक्षा १, २ र ३ का लागि **'नेपाली भाषा पाठ्चपुस्तकमा समाविष्ट चित्रहरूको अध्ययन'** शोधपत्र तयार पारेकी छिन् । उनले यस शोधपत्रमा चित्रको परिचय तथा प्रयोजन साथै कक्षा १, २, ३ का नेपाली भाषा पाठ्चपुस्तकमा चित्रहरूको  उपयुक्तता, आवश्यकताको चर्चा गरिएको छ । त्यस्तै चित्र रखाइ, विषयवस्तु, चित्रको सङ्गतिका साथै रङ्गका बारेमा चर्चा गरिएको छ ।

शर्मा (१९९५), ले '**अ क्रिटिकल इभ्यालुएसन अफ प्राइमरी लेभल गभरमेन्ट टेष्ट बुक अफ द नेपाली ल्याङ्ग्वेग'** भन्ने विद्यावारिधीय प्रतिवेदनमा प्राथमिक तहका पाठ्चपुस्तकको विश्लेषण गर्ने क्रममा चित्रका बारेमा पनि टिप्पणी गरेको पाइन्छ । यस टिप्पणीमा रेखाचित्रका तुलनामा फोटोचित्रको प्रयोग कम गरिएको भौगोलिक दृश्यको प्रतिनिधिफ्व नगराइएको र तुलनात्मक रूपमा चित्रको प्रयोग गर्दा काठमाडौंका विद्यार्थीलाई मात्र ध्यानमा राखिएको बताइएको छ ।

खड्का (२०५३/०५४), ले **'कक्षा ६ को मेरो नेपाली किताबमा समाविष्ट चित्रहरूको अध्ययन'** मा शोधपत्र तयार पारेका छन् । उनको शोधपत्रमा विषयवस्तु अनुसार चित्रको अध्ययन, रखाइको दृष्टि, सान्दर्भिकता, भाव तथा बनोट, सिकाइ, स्वाभाविकता, उदाहरण तथा अभ्यास आदिका आधारमा चित्रहरूको अध्ययन गरिएको देखिएको छ । पाठ्यपुस्तकमा प्रयुक्त चित्रहरूको विश्लेषण गर्नु, उक्त चित्रहरूको उपयुक्तता र पर्याप्तता साथै छनोट गरिएका चित्रहरूको बारेमा सुझाब दिने उक्त अध्ययनको उद्देश्य रहेको छ ।

खड्का (२०५९), द्वारा **'कक्षा ६ को हाम्रो नेपाली किताबमा समाविष्ट चित्रहरूको अध्ययन'** शीर्षकमा अध्ययन भएको पाइन्छ । उक्त अध्ययनमा कक्षा छको हाम्रो नेपाली किताबमा समाविष्ट चित्रका विशेषता ठम्याउनु, कक्षा छको किताबमा प्रयुक्त चित्रहरूको विश्लेषण गर्नु, चित्रको उपयुक्तता र पर्याप्तता पहिल्याउनु, पाठ्यपुस्तकका निम्ति छनोट गरिने चित्रहरूको बारेमा सुझाब दिनु जस्ता उद्देश्य राखिएको पाइन्छ । उक्त अध्ययनमा पुस्तकालयीय विधिलाई नै अध्ययन विधिका रूपमा अंगालिएको पाइन्छ । यस अध्ययनमा कक्षा छको पाठ्यपुस्तकका केही चित्रहरू उपयोगी र केही सिर्जनात्मक रहेपनि केही चित्र प्रयोजनीय हिसाबले अस्पष्ट रहेका, केही चित्र विषयवस्तु अनुकूल रहेपनि धरैजसो पाठका चित्रहरू विषयवस्तु अनुसार अनुकूल रहेका, पाठ दुई र सातका चित्रहरू रखाइका दृष्टिले अनुकूल नभए तापनि धेरैजसो पाठका चित्रहरू रखाइका दृष्टिले उपयुक्त रहेका, पाठ सात र आठका चित्र सान्दर्भिकताका दृष्टिले उपयुक्त नभए पनि धेरैजसो चित्र उपयुक्त रहेका जस्ता निष्कर्ष निकालिएको छ । यसै गरी उक्त अध्ययनमा चित्र प्रयोग गर्दा विभिन्न रङ्गको प्रयोग गर्नु पर्ने, सबै संस्कृति, जाति, क्षेत्र, वर्ग, लिङ्गको प्रतिनिधित्व हुने खालका चित्र समावेश गर्नु पर्ने, विषयवस्तुले नमागेका असान्दर्भिक चित्र नराख्नु पर्ने जस्ता सुझाबहरू दिइएको छ ।

पाण्डे (२०६७), द्वारा **'कक्षा ९ को हाम्रो नेपाली किताब (२०६४) मा समाविष्ट चित्रहरूको अध्ययन'** शीर्षकमा अध्ययन भएको पाइन्छ । उक्त अध्ययनमा कक्षा ९ को नेपाली किताबका चित्रहरूको विभिन्न आधारमा विश्लेषण गर्नु, पाठ्यपुस्तकमा समाविष्ट चित्रहरूको प्रासङ्गिकता पत्ता लगाउनु र पुस्तक लेखक, सम्पादकलाई उपयुक्त सुझाब दिनु जस्ता उद्देश्य राखी शोध अध्ययन गरिएको पाइन्छ । उक्त अनुसन्धानमा व्याख्या विश्लेषण विधि र पुस्तकालयीय विधिको प्रयोग गरी सामग्री संकलन गरिएको छ । यस अनुसन्धानमा कतिपय पाठमा विषयवस्तुसँग सम्बन्धित चित्रले विषयवस्तु कै व्याख्या गर्न नसकेको, धेरैजसो पाठका चित्रहरू पाठ प्रयोजनका दृष्टिले उपयुक्त रहेका, आवश्यकताका दृष्टिले यस किताबका पाठमा भएका सम्पूर्ण चित्रहरू आवश्यक रहेका निष्कर्ष निकालिएको छ । उक्त अध्ययनमा चित्रमा रङ्गको प्रयोग गर्नु पर्ने, पाठमा समाविष्ट चित्रहरूले सम्पूर्ण

पाठ्यविषयवस्तुको प्रतिनिधित्व गर्न सक्नु पर्ने, जीवनी विधामा राखिएका चित्रहरू हेर्दा आकर्षक नभएकाले तिनीहरूलाई सुधार गर्नु पर्ने साथै बनोटका आधारमा चित्रहरूलाई विषयवस्तुको वास्तविक मर्म झल्कने गरी चित्रहरू समावेश गर्नु पर्ने सुझाब दिइएको छ ।

कार्की (२०७०), द्वारा **'कक्षा ६ को हाम्रो नेपाली किताबमा समाविष्ट चित्रहरूको सान्दर्भिकताको अध्ययन'** शीर्षकमा अध्ययन भएको पाइन्छ । उक्त अध्ययनमा कक्षा छ को नेपाली किताबमा समावेश गरिएका चित्रहरूलाई विषयवस्तु, रखाइ र बनोटका आधारमा वर्गीकरण गर्नु, विद्यार्थीहरूको उमेर, रूचि, मानसिक स्तरका दृष्टिले उपयुक्तता पहिल्याउनु जस्ता उद्देश्य राखेर शोध गरिएको छ । उक्त अध्ययनमा द्वितीय स्रोतबाट सामग्री सङ्कलन गरी व्याख्या विश्लेषण विधिलाई प्रमुख विधिका रूपमा लिइएको छ । यस अनुसन्धानमा रखाइका दृष्टिले चित्रहरू उपयुक्त रहेका, चित्रहरू छपाइका हिसाबले त्यति आकर्षक र प्रभावकारी नरहेका निष्कर्ष निकालिएको छ । उक्त अध्ययनमा सबै परिवेश झल्कने चित्रहरू राख्नु पर्ने, चित्रमा फरक फरक रङ्गको प्रयोग गर्नु पर्ने, बनोट अनुसार स्पष्ट हुनु पर्ने, क्रम ढाँचा मिलेको हुनु  पर्ने र विद्यार्थीहरूमा सकारात्मक छाप पर्ने खालका चित्रहरू समावेश गर्नु पर्ने जस्ता सुझाबहरू दिइएको छ ।

यस्तै विभिन्न व्यक्तिहरूले विभिन्न मितिहरूमा शोधकार्यहरू गरेतापनि प्राथमिक तह, कक्षा ४ को नेपाल सरकारु पाठ्यक्रम विकास केन्दद्वारा प्रकाशित 'मेरो नेपाली' किताबमा समाविष्ट चित्रहरूको अध्ययन गरिएको पाइएन । तसर्थ प्रस्तुत समस्थामा आधारित यस शोधकार्यलाई प्रस्तुत गर्ने जमर्को गरिएको छ ।

## २.२ सैद्धान्तिक अवधारणा

कक्षा ४ को हाम्रो नेपाली किताबमा समाविष्ट चित्रहरूको अध्ययन शीर्षकको प्रस्तुत शोधकार्यमा कक्षा ४ का विद्यार्थीहरूको शैक्षिक र मनोवैज्ञानिक पक्ष अनुरूपका चित्रहरू भए/ नभएको अध्ययन गरिएको छ । चित्र मूलतः दृष्य सामग्री हो, जसलाई विद्यार्थीहरूले हेरेर मनोरञ्जन गर्दै विषयबस्तु बोध गर्ने, बुझेका कुरा व्यक्त गर्ने प्रयोजनका लागि चित्रको महत्व सावित हुन्छ । हेर्ने र सिक्ने किसिमको सिकाइ व्यवहारवादी मनोवैज्ञानिक सिद्धान्तसँग सम्बन्धित छ ।

### २.२.१ व्यवहारवादी सिद्धान्तको परिचय

भाषा सिकाइलाई उत्तेजना र प्रतिक्रियाको समायोजन मान्ने सिद्धान्तलाई व्यवहारवादी सिद्धान्त भनिन्छ (पोखरेल र अन्य २०७० : २३) । व्यवहावादी सिद्धान्त मनोवैज्ञानिकहरूले जनावरहरूमा गरेका विभिन्न प्रयोगहरूमा आधारित गराएर विश्लेषण

गरिएको सिद्धान्त हो । यस सिद्धान्तको मान्यता अनुसार भाषा सिकाइ भनेको सिकारूहरूको वातावरणप्रतिको प्रतिक्रियाको परिणाम हो । सिकारूका लागि उसका वरिपरीका वातावरण, बस्तु र अवस्ताहरू भाषा सिकाइका लागि उद्दीपक तत्वका रूपमा रहेका हुन्छन् र तिनै वातावरण, बस्तु र अवस्थाहरूप्रतिको प्रतिक्रिया देखाउनु नै सिकाइ हो भन्ने यस सिद्धान्तको धारणा रहेको पाइन्छ । भाषिक प्रतिक्रियाको आवृत्ति जति धेरै पटक भयो, त्यति धेरै र सवल सिकाइ हुने भएकाले नियन्त्रित वातावरणको सिर्जना गरी नियन्त्रित सामग्री र नियन्त्रित किसिमका शिक्षण विधिहरूद्वारा सिकाइको वातावरणलाई उद्दीप्त वनाइ रहनु पर्दछ र विद्यार्थीहरूका बीचमा एक अर्कासँगका कार्यकलापहरू र क्रियाप्रतिक्रियाहरू पनि उद्दीपक बनाइ राख्नु पर्दछ भन्ने दृष्टिकोण यस सिद्धान्तले अगाडि सार्दछ । भाषा सिकाइमा उद्दीपक वातावरण सिर्जना गर्न शिक्षकले विद्यार्थीहरूलाई बारम्बार प्रोत्साहन गरिरहनु पर्दछ, स्यावासी दिइरहनु पर्दछ र सवलीकृत परिस्थिति निर्माण गरिरहने पर्दछ भन्ने यस सिद्धान्तले मान्यता राख्दछ (पौडेल २०६७ : ३१) ।

यस सिद्धान्तले  अरूले प्रयोग गरेका भाषालाई हेरेर, सुनेर वा भाषा प्रयोगका बारेमा व्याख्यान सुनेर भाषा सिकिने कुरामा विश्वास गर्दछ । साथै भाषा सिकेर सिकिने कुरा हो, यो स्वतः प्राप्त हुने कुरा होइन भन्ने विश्वास गर्दछ । यस सिद्धान्तका अनुसार भाषा सिकाइमा सम्बद्ध नकारात्मक प्रतिक्रियाहरू अथवा बेठिक प्रतिक्रियाहरू शिक्षकबाट दिइने नकारात्मक सवलीकरणद्वारा कम हुदै जान्छन् र ठिक भाषिक प्रतिक्रियाहरू सकारात्मक सवलीकरणद्वारा प्रवल हुँदै जान्छन् । यस सिद्धान्तको मूल मान्यता अनुसार व्यक्तिले आफ्ना समझदारी र ज्ञानका भरमा स्वतन्त्र वा स्वच्छन्द रूपमा भाषा नसिकेर वातावरणको नियन्त्रणमा आवृतिमूलक अभ्यासमा नियन्त्रित भएर भाषा सिक्दछ ।

# अध्याय-तीन

# अध्ययन विधि र प्रक्रिया

## ३.१ अध्ययनको ढाँचा

कुनै पनि अनुसन्धानका शैलीलाई अनुसन्धानात्मक ढाँचा भनिन्छ । यस अध्ययनलाई पूर्णता दिन पुस्तकालयीय अध्ययनबाट प्राप्त जानकारीहरू वर्णनात्मक ढाँचाको प्रयोग गरी वर्णनात्मक, व्याख्यात्मक र विश्लेषणात्मक अध्ययन गरिएको छ । यस अध्ययनमा प्राथमिक तहको कक्षा ४ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट चित्रहरूको विश्लेषणमा केन्द्रित रहेको छ । यस अध्ययनमा आन्तरिक र बाह्य आधारमा अध्ययन गरी आवश्यक सुझाबहरू प्रदान गरिएको छ ।

## ३.२ अध्ययन विधि

प्रस्तुत अध्ययन पुस्तकालयीय विधिमा आधारित भएकोले पुस्तकालयका पुस्तकहरू अध्ययन गरी सामग्री निर्माण गरिएको छ । प्राप्त सामग्रीहरूलाई शोधको उद्देश्य अनुरूप व्याख्या विश्लेषण गरिएको छ । अन्य आवश्यक सामग्रीहरू सम्बन्धित विज्ञहरूबाट पनि लिइएको छ । यस प्रयोजनको लागि प्रश्नावली बनाई विज्ञहरुबाट प्राप्त उत्तरहरुलाई पनि आधार बनाइएको छ ।

# अध्याय-चार

# व्याख्या तथा विश्लेषण

## ४.१ चित्रको परिचय

चित्र शक्तिशाली हुन्छ । हजारौ हजार शब्दले वर्णन गर्न नसकेका कुरालाई पनि एउटै चित्रले सरल र सजिलो तरिकाले बुझाउन सकिन्छ । हरेक पाठ्यपुस्तकमा चित्रको विशेष महफ्व रहेको हुन्छ, अझ त्यसमा पनि भाषा पाठ्यपुस्तकमा भाषिक सिप विकासका लागि माध्यामिक तहभन्दा निम्न माध्यामिक तह र निम्न माध्यामिक तहभन्दा प्राथमिक तहमा चित्रहरू तुलनात्मक रूपमा बढी उपयोगी एवम् महफ्वपूर्ण हुन्छन् । विशेष गरी भाषा पाठ्यपुस्तकमा चित्रहरूका माध्यमले भाषिक अभ्यासमा सरिक हुन, सिकाइ उत्प्रेरणा वृद्धि गर्न, भाषिक ज्ञान र धारणाको विकास गर्न, पढ्न नसक्ने साना बालबालिकाहरूका लागि बोलाइ सिपको विकास गर्न, सुक्ष्म दृष्टिकोणको विकास गर्न, वर्णनात्मक एवम् व्याख्यात्मक सिपको विकास गर्न साथै अनुकरणात्मक सिपको विकास गर्न निक्कै मद्दत पुऱ्याएको हुन्छ । शर्मा र पौडेलका अनुसार हजारौँ शब्दमा बयान गरेर अर्थ र धारणामा प्रस्ट पार्न नसकिने कुराहरूलाई एउटै चित्रका माध्यमले सजिलै र स्पष्ट किसिमले धारणा बसाल्न सकिन्छ ।

फोटोचित्र र रेखाचित्र गरी चित्रलाई दुई किसिमले विभाजन गर्न सकिन्छ । पाठ्यपुस्तकमा कतै रेखाचित्रको प्रयोग गरिएको हुन्छ भने कतै फोटोचित्रको प्रयोग गरिएको हुन्छ । चित्र आफैँ बोल्छ भन्ने कथनले पनि पाठ्यपुस्तकमा चित्रको महफ्व झल्किन्छ । यसबाट पाठ्यपुस्तकका उद्देश्यहरू पुरा गर्न चित्रको महफ्वको पनि स्पष्ट हुन्छ। चित्र राख्नुको उद्देश्य बालबालिकाहरूमा चित्रकोर्ने बानीको समेत विकास गर्नु हो तर फोटो राखेर त्यो उद्देश्य पुरा गर्न त्यति सकिने देखिदैन ।

## ४.२ चित्रको परिभाषा तथा अर्थ

**नेपाली बृहत् शब्दकोश** (२०४०) ले चित्रको अर्थ प्रस्तुत गरेको छ जसलाई तस्बिर, छापा, फोटो, चित्रपट, प्रतिमा आदि भनिएको छ ।

**प्रयोगात्मक नेपाली शब्दकोश** (२०६१) ले लेखेर, कोरेर वा खिचेर बनाइएको कुनै वस्तुको रूप वा आकृति, तस्बिर, फोटोलाई चित्र भनेर अर्थ्याएको छ ।

यस्तै **रेन्डम हाउसको डिक्सनरी आफ द इङ्लिस तथा ल्याङ्ग्वेज (१९७५)** मा चित्रको अर्थ दिने काम भएको छ । यसले चित्रको अर्थलाई तस्बिर, प्रमाणित गर्नु र उदाहरण दिनुका रूपमा लिएको छ ।

यसै गरी **अक्सफोर्ड एड्भान्स लर्नर डिक्सनरी (१९९२) मा** चाहिँ तस्बिर निर्माण, रङ्गीन तस्बिर, उदाहरण र चित्रको संयाजन गर्नु हो भनिएको छ ।

यस्तै **अजन्ता कम्प्रोहेन्सिभ डिक्सनरी (१९९८)** मा चित्र, उदाहरण, चित्रण तथा स्पष्टीकरणका रूपमा चित्रलाई परिभाषित गरिएको छ ।

### ४.३ भाषा पाठ्यपुस्तकमा चित्रको स्थान

भाषा पाठ्यपुस्तकमा चित्रको अत्यन्त महफ्वपूर्ण स्थान हुन्छ । कुनै पनि नवीन विषयबस्तु वा दृश्यावलीहरु सम्बन्धी धारणा बसाल्न सूक्ष्म दृष्टिकोण बृद्धि गर्न, वर्णात्मक क्षमता विकास गर्न र अनुकरणात्मक सिप र कलाको समेत प्रबर्द्धन गर्न भाषा पाठ्यपुस्तकमा चित्रले प्रभावकारी भूमिका खेलेको हुन्छ (पौडेल २०६७ : १५५) । हुनत अन्य पाठ्यपुस्तकमा चित्र कम उपयोगी हुने चाहिँ होइनन् तर सामाजिक, गणित, अर्थशास्त्र आदि विषयको तुलनामा भाषा पाठ्यपुस्तकमा चित्र बढी उपयोगी हुन्छन् । विषय वस्तुले बुझाउन खोजेका कुरालाई धेरै शब्दले वर्णन गर्नुभन्दा एउटै चित्र राख्नु भाषा सिकाइमा बढी प्रभावकारी हुन्छ । सबै मानिसको बौद्धिक क्षमता एकै किसिमको नहुने भएकाले शिक्षण सिकाइमा सबै विद्यार्थीले समान तरिकाले सिकाइ उपलब्धि हासिल गर्न असमर्थ हुन्छन् । कोही विद्यार्थीले विषयवस्तु पढेर त्यसले दिन खोजेको कुरा आफैँ शिक्षकको सहायताबिना पढेर नै बुझ्न सक्दछन् भने कसैलाई व्याख्या, विश्लेषण, चित्र प्रस्तुति गरेर तथा प्रयोगात्मक तरिकाले सिकाउँदा पनि बुझ्न  सक्दैनन् । यसरी कोही तीक्ष्ण बुद्धिका हुन्छन् त कोही विद्यार्थी मध्यम त कोही मन्दबुद्धिका हुन्छन् ।

पाठ्यपुस्तकमा राखिएका चित्रहरू सबै विद्यार्थीहरूका लागि उपयोगी हुन्छन्; त्यसमा पनि मन्द र कमजोर बौद्धिक क्षमता भएका विद्यार्थीहरूका लागि चित्र वरदान नै सावित हुन्छन् । पढ्न नसक्ने विद्यार्थीहरूका लागि चित्रका माध्यमबाट पनि विषयवस्तुको धारणा बसाल्न सकिन्छ र विद्यार्थीहरू आफैँ पनि चित्र हेरेर सो चित्रको बारेमा वर्णन गरेर भाषाको बोलाइ सिपको विकास गर्न सक्दछन् । माथिल्लो तह वा माध्यामिक तह भन्दा तल्लो वा प्राथमिक तथा निम्न माध्यामिक तहका लागि चित्र बढी उपयोगी हुन्छ । चित्र हेरेर विद्यार्थीहरू रमाउने हुनाले पनि पाठ्यपुस्तकमा चित्रको स्थान तरकारीमा नुन, मसला सावित भएको छ । यसरी पाठ्यपुस्तकमा चित्र राखेर सिकाउँदा शिक्षण सिकाइ रोचक एवम् प्रभावकारी हुन्छ ।

### ४.४ चित्रहरूको प्रयोजन

विद्यार्थीलाई अक्षर वा शब्द शिक्षण गर्नुभन्दा पहिले चित्रको माध्यमबाट सिकाइप्रति आकर्षित गर्न चित्रको प्रयोग गरिन्छ । व्यक्तिमा रहेको अन्तरनिहित प्रतिभा वा व्यक्तित्व विकासका सम्भावनालाई प्रस्फुटित गर्न मद्दत गर्दछ । त्यसै गरी पाठ्यविषयलाई सजिलैसँग

बुझाउन र भाषिक सामग्रीलाई प्रभावकारी ढङ्गले प्रस्तुत गर्न तथा बालकमा कुनैपनि कुरा सकेसम्म आफैले सिक्ने तथा शोध खोज गर्ने प्रविधिको विकास गराउन चित्रले मद्दत पुऱ्याउँछ। चित्रको प्रयोगले शिक्षार्थीले छिटो बुझ्दछन्। पाठ आकर्षक र रोचक बन्छ। अमूर्त वस्तुलाई मुर्त बनाउन पनि चित्रको प्रयोग हुन्छ।

यसरी भाषा शिक्षण सिकाइमा विषयवस्तुलाई सजिलैसँग बुझाउन र भाषिक सामग्रीलाई प्रभावकारी ढङ्गले प्रस्तुत गर्न र बालबालिकामा कुनै पनि कुरा सकेसम्म आफैले सिक्ने तथा शोध खोज गर्ने तथा वर्णन विश्लेषण गर्ने प्रविधिको विकास गराउन चित्रहरूको प्रयोग गरिन्छ।

## ४.५ वाह्यान्तरिक पक्षका आधारमा चित्रहरूको विश्लेषण

कक्षा ४ को मेरो नेपाली कितबका एक्काईस वटा पाठहरूमध्ये बीसवटा पाठमा मात्र चित्रहरू समावेश गरिएको छ भने एउटा पाठमा चित्र समावेश गरिएको छैन। जसमध्ये पन्धौं पाठमा एउटा पनि चित्र छैनन्। त्यसै गरी पाठ एक, तीन, दश, एघार, चौध, सोह्र, उन्नाइसमा एक-एकवटा चित्रहरू रहेका छन्। पाठ अठारमा दुईवटा चित्रहरू समाविष्ट छन् भने पाठ दुई, पाँच, छ, सात, बाह्र र सत्रमा तीन-तीनवटा चित्रहरू रहेका छन्। यसरी नै पाठ तेह्र, बीस र एक्काइसमा चार-चारवटा चित्रहरू रहेका छन् भने पाठ चार र नौमा पाँच-पाँचवटा चित्रहरू रहेका छन् र पाठ आठमा छवटा चित्रहरू समावेश गरिएका छन्। यहाँ चित्रहरूका विश्लेषण गर्दा पाठको पृथकीकृत भन्दा पाठ एकीकृत विश्लेषणलाई आधार बनाइएको छ।

### ४.५.१ वाह्यपक्षका आधारमा चित्रहरूको विश्लेषण

पाठ्यपुस्तकमा प्रयुक्त चित्रहरूको वाह्यपक्ष अन्तर्गत चित्रको बनोट, दुरूस्तता र वास्तविकता, संख्यामा पर्याप्तता, आकार, छपाइ प्रविधि, रखाइ, आकर्षण जस्ता कुराहरू पर्दछन् जसका आधारमा कक्षा चारको मेरो नेपाली पाठ्यपुस्तकमा प्रयुक्त चित्रहरूको विश्लेषण निम्नानुसार गरिएको छ :

#### ४.५.१.१ बनोट

बनोटका आधारमा '**धनको घमण्ड**' कथाका तीनवटा चित्रहरूमध्ये पहिलो पानाको चित्र त्यति स्पष्ट नभएको र अरू चित्रहरू स्पष्ट नै देखिन्छन्। यसरी नै **बचत गर्ने बानी** प्रबन्धमा रहेको चित्र पनि बालवालिकाको निम्ति त्यति उपयुक्त देखिदैन। पाठ चारको '**नौलाख तारा**'मा रहेका चित्रहरू मध्ये झरना र सूर्यको किरणका चित्रहरू त्यति स्पष्ट

देखिदैनन् । '**नीमको पात**' कथामा समाविष्ट तीनवटा चित्रहरू मध्ये दोस्रो र तेस्रो चित्रहरूमा नीमको विरूवा रोपेर जगाउनु पर्नेमा प्रस्तुत दोस्रो र तेस्रो चित्रमा क्रमशः विरूवा रोपेको होइन उखेलेको जस्तो देखिनाले बालमनोविज्ञानमा बृक्षारोपण सम्बन्धी सोचमा परिवर्तन आउने हो कि? भन्ने कुरालाई नकार्न सकिदैन । **'बाग्मती नदी'** प्रबन्धमा प्रयुक्त चित्रहरू मध्ये पहिलो छागाको चित्र देखाइएतापनि उक्त चित्र कक्षा चारमा अध्ययन गर्ने विद्यार्थीहरूको नजरले चिन्न सक्ला वा नसक्ला? तर बाँकी दुईवटा चित्रहरू स्पष्ट देखिन्छन् । पाठ सातमा रहेको **'बिहेको निम्तो'** सम्वादमा रहेका तीनवटा चित्रहरू समग्रमा स्पष्ट नै देखिन्छन् भने '**दाजुभाइ र बुढाबा**' कथामा प्रयुक्त छवटा चित्रहरू मध्ये दोस्रो र चौथो चित्रहरू स्पष्टताका आधारमा त्यति सवल देखिदैनन् भने बाँकी चित्रहरू बनोटका आधारमा सान्दर्भिक छन् ।

यसरी चित्रहरूको बनोटका आधारमा हेर्दा **'स्वस्थ बनौं'** भन्ने पाठमा रहेका सबै चित्रहरू बालबालिकाहरू कै व्यवहारमा प्रयुक्त चित्रहरू भएकाले पनि बालबालिकाहरूलाई बुझ्न सजिलो हुने देखिन्छ । अध्ययनको क्रममा **आमा** कवितामा रहेको आमाले बच्चा लिएर बसेको चित्र सबै चित्रहरू मध्ये दुरूस्त र स्पष्ट रहेको छ । यसरी नै पाठ बाह्रमा रहेको कथा **'बजा लौरी डाङडुङ'**मा प्रयुक्त पहिलो चित्रमा राक्षसले दिएको **'खिरपाक ताउली'** झट्ट हेर्दा ताउली जस्तो नदेखिएर कुनै बल्ने चिज वा किरण जस्तो देखिन्छ भने बाँकी दुईवटा चित्रहरू स्पष्ट देखिन्छन् । **'नरेशको यात्रा'**मा समाविष्ट चार चित्रहरू पछिल्ला तीनवटा चित्रहरू स्पष्ट देखिएका छन् भने पहिलो चित्रमा अस्पष्टता रहेको पाइन्छ । **'पशुपन्छी र हाम्रो कर्तव्य'** सम्वादमा देखाइएको चित्रमा रूखहरू स्पष्ट नभएकोले विद्यार्थीहरूलाई बुझाउनका लागि छुट्टै रूखको चित्र बनाउनु पर्ने देखिन्छ । **'पाप लाग्छ'** कवितामा रहेको एकमात्र चित्र स्पष्ट रहेको छ भने **'पछुतो'** कथामा रहेका तीनवटा चित्रहरूमा तीनैवटा चित्रहरू बनोटको आधारमा अस्पष्ट रहेको पाइन्छ । त्यस्तै **'बालबालिकाका अधिकार'** प्रबन्धमा समाविष्ट दुईवटा चित्रहरू आकार र बनोटका दृष्टिले सान्दर्भिक देखिए तापनि दुवै चित्रहरू मधुरा रहेका छन् । **'लक्ष्य'** कवितामा रहेको चित्र भने स्पष्ट रहेको छ । त्यसैगरी **'सत्यकामको अठोट'** कथामा रहेका चार चित्रहरू मध्ये पहिलो छोडेर बाँकी तीनवटा चित्रहरू स्पष्ट र बुझ्न सकिने किसिमका छन् । कक्षा चारमा प्रयुक्त पाठहरू मध्ये अन्तिम वा एक्काइस औं पाठ **'आधुनिक सञ्चार'**मा प्रयुक्त चारवटा चित्रहरूमा प्रायः सबै चित्रहरू अस्पष्ट र मधुरा रहेका छन् ।

### ४.५.१.२ दुरूस्तता र वास्तविकता

पाठ्यपुस्तकमा उपयोगमा ल्याइने चित्रहरूलाई दुरूस्तै तथा वास्तविक रूपमा प्रयोग गर्नु उचित हुन्छ । उमेर, पेसा, लिङ्ग आदि आधारमा उक्त चित्रहरू वास्तविक हुनु जरूरी छ । यस आधारमा **'गाउँछ गीत नेपाली'** कवितामा रहेको चित्रको छायाँमा वास्तविकताको अभाव खड्किएको भए तापनि उक्त चित्रमा रहेका बालक र बालिकाले नेपालको राष्ट्रिय झण्डा लिएर अगाडि बढेको देखिदा चित्रको दुरूस्तता भने प्रष्टै देखिन्छ । यस्तै राष्ट्रिय गीत कवितामा सूर्यचन्द्रयुक्त झन्डालाई नढल्ने गरी ठड्याइएको छ । यस चित्रले नेपालको राष्ट्रिय झन्डाको विशेषता, नेपालको अस्तित्व, नेपालीहरूको पहिचान तथा एकता जस्ता कुराहरूलाई वास्तविक रूपमा प्रस्तुत गरेको छ । यस्तै **'धनको घमण्ड'** कथामा हेर्दा पहिलो चित्रमा रहेको खाने परिकारको साइज, गणेश र कुबेरको आकारमा उति दुरूस्तै देखिदैन भने हिमालमा त्रिशुल लिएर तपस्यामा बसेका शङ्कर रहेको चित्र वास्तविक देखिएको छ । **'बचत गर्ने बानी'** प्रबन्धमा बैंक, बैंकका कर्मचारी र सेवाग्राहीहरूलाई देखाइएको छ तर बैंकको भवन चाहिँ कक्षा चारका विद्यार्थीहरूले आफै नबुझ्ने र यो बैंक हो भनेर बुझाउनु पर्ने चित्रको रूपमा रहेको छ ।

यसरी नै **'नौलाख तारा'** कवितामा रहेका चित्रहरू आकारमा साना हुनु त छदैछ त्यसमा पनि झरना र सूर्यको किरणका चित्रहरू अस्पष्ट किसिमका रहेका छन् भने लालीगुराँस, हिमाल र आकास (तारा) को चित्रमा मुलतः सजिवता देख्न सकिन्छ । **नीमको पात** कथामा रहेका चित्रहरू सन्देशमूलक चित्रहरू भएकोले चित्रमा राजकुमार एक जना मात्र नभएर केही बालबालिकाहरूको चित्र राख्दा अझ उत्कृष्ट देखिन्थ्यो भन्ने लाग्दछ तथापी उक्त चित्रमा रहेका पात्रहरू नियालेर हेर्दा साँच्चै नै बोल्दै होलान् जस्ता देखिन्छन् । यस पाठमा रहेको पहिलो चित्रमा बुद्ध र एकजना राजा देखाइएको छ, राजाले बुद्धसँग कुनै विषयमा बिन्ती चढाइरहेको जस्तो देखिन्छ । बाँकी दुईवटा चित्रहरूमा बुद्ध र राजकुमारलाई देखाइएको छ । यस्तै गरेर **'बाग्मती नदी'** प्रबन्धमा समाविष्ट चित्रहरूको बारेमा भन्नुपर्दा पहिलो चित्रमा त्यति वास्तविकता देखिदैन भने दोस्रो र तेस्रो चित्रमा क्रमशः मन्दिर र पुल सहितको घाट जस्तो देखिनाले उक्त स्थानमा पुग्ने जो कोहीलाई पनि अनौठो लाग्ने खालका छन् तर पहिलो चित्रले त्यति वास्ताविकता बोकेको जस्तो लाग्दैन । शुरूमा भनिए झैं कुनै पनि चित्रले हजारौ शब्दले प्रकट गर्न नसकिने कुराहरू छर्लङ्ग पार्न सक्छ भन्ने कुरालाई चरितार्थ पार्नको लागि पनि चित्र आफै बोल्नु पर्दछ, चित्रमा यथार्थताको प्रारूप झल्किनु पर्दछ, चित्रको वास्तविकता झल्किनु पर्दछ अनि मात्र चित्र चित्रको रूपमा रहन सक्छ । **'बिहेको निम्तो'** सम्वादमा रहेका तीन चित्रहरू आकारका हिसाबले जे-जस्ता भए तापनि

पहिलो र दोस्रो चित्रमा रहेकी बालपात्रले प्रयोग गरेको भाषा परिपक्व भए तापनि चित्रमा रहेकी अञ्जना आकारका हिसाब र संवादका हिसाबले परिपक्व देखिन्नन् ।

यसै गरी प्रस्तुत पाठ **'दाजुभाइ र बूढाबा'**मा रहेका छवटा चित्रहरूमा विभिन्न सामाजिक परिवेश र समाजिक यथार्थता देखाइएको छ । प्रस्तुत कथामा गाउँ, समाज, कृषि, पशुपालन, आर्थिक कारोवार जस्ता प्रसंगहरू प्रस्तुत गरिएको छन् तथापी दोस्रो र चौथो चित्रहरूमा स्पष्टताको अभाव रहेको पाइएको छ । **'स्वस्थ बनौं'** प्रबन्धमा रहेका चित्रहरू सार्थक र बालसुलभ खालका देखिन्छन् । यस पाठको पहिलो चित्रमा रहेको बालक स्वस्थ, फुर्तिलो र सफासुग्घर देखिन्छ । बाँकी चित्रहरूमा सरसफाई र आराम जस्ता कुराहरूलाई प्राथमिकता दिइएको पाइन्छ । यसबाट के कुरा स्पष्ट हुन्छ भने कुनै पनि व्यक्ति त्यसमा पनि बालबालिकाहरूले सानैदेखि स्वस्थ रहन वा राख्न सरसफाईका साथसाथै आराममा पनि ख्याल गर्नु पर्दछ । स्वास्थ्य नै जीवन हो भन्ने कुराको सन्देश यस पाठमा रहेका चित्रले दिएको पाइन्छ । यसरी नै कुनै पनि चित्र नभएको बुबाको चिठीमा केवल एउटा चित्र नभई साधा खामको  नमूना मात्र रहेको छ । यसमा के देखिन्छ भने कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूका लागि आवश्यक पर्ने वास्तविक खामको नमूना नभएको तर एउटा खाम जस्तो ब्लक मात्र भएकोले खाम चिनाउनु पर्ने अवस्थामा अध्यापन गर्न समस्या उत्पन्न हुने हो कि भन्ने कुरा नकार्न सकिदैन । पाठ ११ मा रहेको सिद्धिचरण श्रेष्ठको **'आमा'** कवितामा प्रयुक्त चित्र भने यस पुस्तकमा रहेका सबै चित्रहरूको तुलनामा सर्वोत्कृष्ट रहेको छ भन्न सकिन्छ । आमा कविताका द्वयपात्रहरू आमा र बच्चाको चित्रको आकार दुरूस्तता र वास्तविक रहेको छ ।

**'बजा लौरी डाङडुङ'** लोक कथा हो । यस कथामा रहेका तीन चित्रहरूमध्ये पहिलो चित्रमा रहेको **खिरपाक ताउली**को चित्र ताउलीको जस्तो नभएर कुनै बल्ने बस्तु वा किरण जस्तो देखिएको छ भने राक्षस बसेको छेउको रूखको पातहरू पनि बादल जस्तो देखिनाले कलिलो बालमनोविज्ञानमा कस्तो प्रभाव पर्ने हो भन्ने प्रश्न उठ्न सक्छ भने बाँकी दुई चित्रहरू समग्रमा ठिकै छन् । **'नरेशको यात्रा'** प्रबन्धमा विभिन्न ४ (चार) वटा चित्रहरू समावेश गरिएकोमा ती चित्रहरू विभिन्न परिवेशका छन् । पहिलो चित्रमा काठमाण्डौंको नयाँ बसपार्कदेखि विभिन्न ठाउँ हुदै फुपूको घरसम्मको रेखाचित्र समेत देखाइएको छ । चौतारा, बस विसौनी छोडेर केही समय पैदल हिडेको दृष्य पनि चित्रमा देखाइएको छ । चित्र नम्बर तीनमा देखाइएको चित्रमा एउटा छुट्टै सामाजिक परिवेश पनि देखाइको छ । जसमा बस कुरेर बसेका मान्छेहरू, डोको बोकेर कुनै काम विशेषले हिडेकी महिला, यात्रालाई सहजीकृत गरिदिने निकै भलाद्मी जस्ता देखिने व्यक्ति अनि यात्रु समेतलाई समेटिएको छ भने

आसपासमा बोर्ड, बस र घरहरू पनि देखाइएको छ । यस पाठमा समाविष्ट चित्रहरूमध्ये पहिलो चित्र भने छपाइका क्रममा केही मधुरो भएका कारणले बुझ्न केही कठिन जस्तो लाग्दछ ।

**'पशुपन्छी र हाम्रो कर्तव्य'** संवादमा एउटा मात्र चित्र रहेको छ । उक्त चित्रमा रहेका दुई मानिसहरूको फरक फरक विचारधारा रहेको कुरा चित्रबाट नै स्पष्ट हुन्छ । यस चित्रमा मध्ये एकजना चराको सिकार गर्न निस्केको र अर्को जना उक्त चराको उद्धार गर्न चरालाई हा-हा गरेर उढाएर त्यसलाई मृत्यबाट बचाएको चित्र रहेको छ । यसमा रहेको बटुवा र राजु पात्रहरूको बीचमा पछि आएको वास्तावमा हामीले यस संसारमा भएका सबै पशुपन्छीहरूलाई माया गर्नु पर्दछ । हामीले तिनीहरूको माया गरेनौ भने कस्ले गर्दछ भन्ने जस्ता मानवीय संवेदनाका कुराहरू पनि यस संवादमा चित्रको माध्यमबाट देखाउन खोजिएको छ । **'पाप लाग्छ'** कविता महाकवि लक्ष्मीप्रसाद देवकोटाद्वारा लिखित कविता हो । यस कवितामा जम्मा एउटा मात्र चित्र रहेको छ । यस पाठमा रहेको एक मात्र चित्रमा चरा, पुतली, दुई तीन थरीका फूलहरू समावेश छन् । यस कविता सन्देशमूलक रहेको तथा यसमा ज्ञानको कुरा पनि प्रष्ट्याइएको छ, तर चित्रमा देखाउन खोजिएको बगैंचा भने बगैंचा जस्तो देखिएको छैन । कविताको बोल अनुसार चित्र नपुगेको हो कि जस्तो लाग्दछ ।

यसैगरी पाठ १७ मा रहेको **'पछुतो'** कथामा तीनवटा चित्रहरू समावेश गरिएको पाइन्छ । यसमा समाविष्ट तीन चित्रहरूमध्ये पहिलो र दोस्रो चित्र छपाइका हिसाबले मधुरा छन् भने तेस्रो चित्र सामान्यतः बुझिने नै छ । यसमा रहेको पहिलो चित्रमा खाटमा बसिरहेका धनपति बाजे र छेउमा बिन्ती  गर्दै गरेको मसिनेलाई  देखाइएको छ । दोस्रो चित्रमा धनपति बाजे खाटमा विरामी अवस्थामा सुतिरहेका र वरिपरि परिवारका मान्छे र डाक्टर जस्ता देखिने मान्छेहरूको जमघट रहेको देखाइएको छ । झट्ट हेर्दा सबैको ध्यान धनपति बाजेतिरै रहेको जस्तो देखिन्छ । समाजमा रहेका मानिसहरूको सामाजिक यथार्थता, मानिसलाई आइपर्ने समस्या जस्ता कुराहरू यस चित्रमा देखाइएको छ । **'बालबालिकाको अधिकार'** प्रबन्धमा पनि दुईवटा चित्रहरू समावेश गरिएको छ । पहिलो चित्रमा बालबालिकाहरू रूखको फेदमा बसेर पढिरहेको देखाइएको छ भने दोस्रो चित्रमा खेलमैदानमा केही केटाकेटीहरू खेल खेलिरहेका देखाइएको छ । आजका बालिबालिकाहरू शहर बजारको गन्जागोलबाट पर बसेर अध्ययन गर्न चाहने परिपाटीलाई पहिलो चित्रमा देखाइएको छ भने दोस्रो चित्रमा बालबालिकाहरू आ-आफ्नो समूह बनाएर विभिन्न खेलहरू खेल्ने गरेको यथार्थलाई पनि देखाइएको छ । समग्रमा यस पाठमा संलग्न चित्रहरू दुरूस्तता र वास्तविकताका हिसाबले अब्बल देखिन्छन् ।

**'लक्ष्य'** कवितामा एउटा चित्र रहेको छ । पारसमणि प्रधानद्वारा लिखित यस कवितामा दिइएको चित्रमा एउटा रूखमा झुण्ड्याइएको माछारूपी लक्ष्यलाई एकजना अर्जुनरूपी मानिसले तीर ताकिरहेको देखाइएको छ । यसबाट के कुरा स्पष्ट हुन्छ भने कुनै पनि मानिसमा कुनै न कुनै लक्ष्य हुनु पर्दछ । लक्ष्य विनाको मानिस सफल मानिस हुन सक्दैन भन्ने सन्देश यस चित्र मार्फत दिन खोजिएको आभाष हुन्छ । विद्यार्थीहरूलाई चित्रको आधारमा बुझ्न अलिक गाह्रो त अवश्य पनि हुन सक्दछ । कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको कलिलो मानसपटलमा यस चित्रले दिन खोजेको सन्देश नछिर्न सक्दछ । किनकी चित्रमा एउटा सिकारीले आफ्नो सिकार गरेको वा माछालाई रूखमा झुण्डाएर निसाना लगाइरहेको जस्तो देखिने यस चित्रको सन्देश भने फरक रहेको छ ।

**'सत्यकामको अठोट'** कथामा चारवटा चित्रहरू रहेका छन् । यसमध्ये पहिलो चित्रमा एकजना ऋषि रूखको फेदमा बसेर आफ्ना शिष्यहरूलाई ज्ञान दिइरहेको जस्तो देखिन्छ भने छेवैमा एकजना असहाय जस्तो देखिने एक बालक आफ्नो काँधमा एउटा लौरो सहित पोको बोकेर उभिरहेको छ । त्यस बालकलाई ऋषि जस्तै देखिने गुरूले केही कुरा भनिरहेको जस्तो देखिन्छ । दोस्रो चित्रमा ती शिष्यहरूले बालकलाई जिस्क्याइरहेको जस्तो देखिन्छ । ऋषि जस्तै देखिने गुरू निर्वाक्य भएर चुप बसेको जस्तो लाग्दछ भने त्यो बालक आफ्नो पोको विसाएर लौरो टेकेर लज्जित मुद्रामा किंकर्तव्यविमूढ भएर उभिरहेको देखिन्छ । यसैगरी तेस्रो चित्रमा बालक आफ्नो आमा जस्तै देखिने एक महिलासँग गएर आफ्ना गुनासाहरू पोखिरहेको जस्तो देखिन्छ भने महिलाले उक्त बालकलाई केही भनेर सम्झाइरहेको जस्तो देखिएको छ । यसैगरी अन्तिम तथा चौथो चित्रमा एकजना विद्वान जस्ता देखिने व्यक्ति एउटा कोठामा बसेर प्रतिभाको साधना गरिरहेको देखाइएको छ । वरिपरि रामायण र अन्य ठूला ठूला ग्रन्थहरू पनि राखिएको छ । उनको अगाडि कुनै पुस्तक तयार भइरहेको जस्तो देखिन्छ । यसबाट के कुरा प्रष्ट हुन्छ भने ज्ञान भन्ने कुरा गुरूबाट मात्र नभएर आफै पनि स्वस्फूर्त हुन सक्दछ । ज्ञान साधना हो, यसलाई निरन्तरता दिइरह्यो भने, आफ्नो अठोटलाई बलियो बनायो भने अवश्य पनि आफ्नो लक्ष्यमा पुग्न सकिन्छ भन्ने सन्देश यी चार चित्रहरूबाट प्रष्ट्याउन खोजिएको छ ।

कक्षा चारको हाम्रो नेपाली कितावमा प्रयुक्त पाठहरूमध्ये अन्तिम तथा एक्काइसौं पाठ **'आधुनिक सञ्चार'**मा जम्मा चारवटा चित्रहरू समाविष्ट गरिएका छन् । पहिलो चित्रमा चराले चिठ्ठी जस्तो कागज चुच्चोमा बोकेर उडिरहेको देखाइएको छ । यो चित्र पाठको आधारमा त्रुटीपूर्ण देखिन्छ । किनकि **आधुनिक** सञ्चार भनिएको पाठमा प्राचीन वा पुरानो परम्परा अनुसारको चित्र रहेको छ । आजको आधुनिक जमनामा कम्प्युटर, टेलिफोन,

मोबाइल जस्ता उपकरणहरूको प्रयोग गरिएको हुनु पर्दछ । दोस्रो चित्रमा माथि भनिए जस्तै कम्प्यूटरको प्रयोग गरिएको छ । यसका साथसाथै उक्त विषयमा छलफल गरिरहेको जस्तो चित्र पनि राखिएको छ । तेस्रो चित्रमा एउटा समूहमा रहेका मानिस/केटाकेटीहरू एक ठाउँमा जम्मा भएर टेलिभिजन हेरिरहेको दृष्य रहेको छ भने अन्तिम वा चौथो चित्रमा एउटी बच्चीले टेलिफनमा कुरा गरिरहेको देखाइएको छ । यी चार मध्ये पहिलो छोडेर दोस्रो, तेस्रो र चौथो चित्रहरू पाठ सुहाउदा रहेका छन् ।

### ४.५.१.३ सङ्ख्यामा पर्याप्तता

विषयलाई वहन गर्न सक्ने गरी चित्र सङ्ख्या संयोजन गर्नुपर्दछ । चित्रहरू आवश्यकताभन्दा कम हुनु पनि हुँदैन भने चित्रहरूको थुप्रो लगाउनु पनि सान्दर्भिक देखिदैन । जसको प्रस्तुति निम्न बमोजिम रहेको छ

**'गाउँछ गीत नेपाली'** कवितामा एउटा चित्रको प्रयोग भएको छ । प्रस्तुत कविताको विषयवस्तु अनुसार प्रयुक्त चित्रहरू सङ्ख्यागत दृष्टिले अपर्याप्तता जस्तो देखिन्छ । यस पाठमा नेपालको नक्साको चित्र पनि भएको भए अझ उत्तम हुने थियो होला । एउटा बालक र एउटी बालिकाले नेपालको राष्ट्रिय झण्डालाई समातेर अगाडि बढिरहेको देखिन्छ । चित्रको माध्यमबाट प्रस्तुत गरिएकाले सङ्ख्याका दृष्टिले केही कमी भएतापनि उपयुक्त नै मानिन्छ । यस्तै **'धनको घमण्ड'** कथामा तीनवटा चित्रहरूको प्रयोग गरिएको छ । यस कथामा रहेका चित्रहरू विषयबस्तु र कथाको प्रतिनिधित्व गरेको पाइन्छ । यस कथाका चित्रहरूका पात्रहरूको भेषभुषा गणेशजीको आहारका चिज-बस्तुहरू, हिमाल, शिवजीको त्रिशूल आदि कुराहरू उपयुक्त तथा पर्याप्तताको जानकारी दिन्छन् ।

यसै गरी **बचत गर्ने बानी** प्रबन्धमा एउटा मात्र चित्र रहेको छ । यस पाठमा रहेको चित्रले पाठको बोल र भनाईलाई भरपुर समेटेको छ । यसमा बैंकका प्रमुख, बैंकमा कर्मचारीहरू, सेवाग्राही ग्राहकहरू, प्रमुखसँग सल्लाह लिदै गरेको यस चित्रमा बैंकको पुरै प्रणालीलाई समेटेको छ । सानै कक्षा भएपनि यस चित्रको माध्यमबाट सबै कुराको जानकारी हुने भएकोले यसमा समाविष्ट भएको चित्र सङ्ख्यात्मक हिसाबले पर्याप्त भएको पाइन्छ । **'नौलाख तारा'** कवितामा रहेका पाँच चित्रहरू सङ्ख्यात्मक हिसाबले पर्याप्तता भन्दा बढी नै भएको आभाष हुन्छ । यस पाठमा रहेका पाँचवटा अनुच्छेदका लागि पाँचवटा चित्रहरू समावेश गरिएको छ । यसमा समाविष्ट रहेका चित्रहरूमध्ये पहिलो, चौथो र पाँचौं चित्रहरू आवश्यक रहेको देखिन्छ भने दोस्रो र तेस्रो चित्रहरू संख्यात्मक हिसाबले बढी भएको देखिन्छ । **'नीमको पात'** कथामा तीनवटा चित्रहरू रहेका छन् । यस कथामा सङ्ख्यात्मक

हिसाबले चित्रहरू पर्याप्त रहेका छन् । चित्रमा मानवीय पात्रहरूमा ज्ञानका खानी बुद्ध, राजा र राजकुमारलाई देखाइएको छ । प्राकृतिक पात्रहरूमा पिपल रूख र नीमको विरूवालाई देखाइएको छ । यस कथामा भएका चित्रहरूको माध्यमबाट ज्ञान र विवेकलाई कथा मार्फत प्रस्तुत गरिएको छ । कक्षा चारको मेरो नेपाली किताबको पाठ छ, '**बाग्मती नदी**'मा तीनवटा चित्रहरू प्रयुक्त छन् । सङ्ख्यात्मक हिसाबले पर्याप्त छन् । तथापी पहिलो चित्रको औचित्य भने आवश्यकभन्दा कमै रहेको पाइन्छ । बाँकी दुई चित्रहरू पाठको आधारमा आवश्यक नै देखिन्छन् । धार्मिक, पौराणिक तथा पर्यटकीय हिसाबले उपयुक्त मानिने स्थानका चित्रहरूलाई यस पाठमा समाविष्ट गरिएको छ । धार्मिक तीर्थस्थल पशुपतिनाथको मन्दिर, नदी, पुल, घरहरू र आमामा नुहाइरहेका भक्तजनहरूलाई पनि चित्रमा देखाइएको छ । समग्रमा सङ्ख्या, आकारप्रकार र पर्याप्तताका दृष्टिले यी चित्रहरू उपयुक्त छन् ।

सङ्ख्या पर्याप्तताका हिसाबले **'बिहेको निम्तो'** संवादमा तीनवटा चित्रहरू समाविष्ट गरिएको छ । यस संवादमा रहेका तीन चित्रहरूमा पहिलो चित्रमा एकजना रमेश काका र घरमा रहेकी एउटी बालिका अञ्जनालाई देखाइएको छ । जसमा काका केही कुरा भन्दै ढोका अगाडि बसिरहेका छन् भने अञ्जना ढोका भित्रबाट केही ध्यान दिएर सुनिरहेको चित्र प्रस्तुत गरिएको छ । यसरी नै दोस्रो चित्रमा अञ्जना पानी दिएर उभिरहेकी र काका कुर्सीमा बसेर पानी पिइरहेको देखाइएको छ । तेस्रो चित्रमा रमेश र महेशको संवाद देखाइएको छ । यसबाट समाजमा सामाजिक संस्कार, परम्परा, रीतिरिवाज जस्ता कुरालाई देखाउन खोजिएको छ । **'दाजुभाइ र बूढाबा'**मा रहेका छवटा चित्रहरूमा विभिन्न सामाजिक परिवेश र समाजिक यथार्थता देखाइएको छ । यस कथाको पहिलो चित्रमा आफ्नो गाउँवस्ती छोडेर कामको खोजीमा दुई दाजुभाइ हिडेको देखाइएको छ । दोस्रो चित्रमा ती दुई दाजुभाइको भेट एकजना भरियासँग भएको छ भने तेस्रो चित्रमा तिनै दाजुभाइको भेट एकजना बूढाबासँग भेट भएको र छेउमा गाईबस्तु पनि देखाइउको छ । चौथो चित्रमा खेतीपातीमा व्यस्त किसानहरू आ-आफ्नो काममा व्यस्त देखिन्छन् । पाँचौ चित्रमा बूढाबाले बक्सिस स्वरूप भौचर र चेक ती दाजुभाइलाई दिएको देखाएको छ भने अन्तिम चित्रमा दुवैलाई अंगालो मारेर तिमीहरू यहीँ एकै परिवार भएर बस भनी बूढाबाले आत्मियता जताएको देखाइएको छ । प्रस्तुत कथामा शहर, गाउँ, समाज, कृषि, पशुपालन, मजदुरी, वृक्षारोपण, आर्थिक कारोवार जस्ता प्रसंगहरू प्रस्तुत गरिएको छ ।

**'स्वस्थ बनौं'** प्रबन्धमा रहेका पाँच चित्रहरू सामान्य र बालसुलभ खालका देखिन्छन् । यस पाठको पहिलो चित्रमा रहेको बालक स्वस्थ, फुर्तिलो र सफा-सुग्घर देखिन्छ । अर्कोतर्फ सरसफाई, सफा खानपान र आराम जस्ता कुराहरूलाई प्राथमिकता दिइएको पाइन्छ ।

यसबाट के कुरा स्पष्ट हुन्छ भने कुनै पनि व्यक्ति त्यसमा पनि बालबालिकाहरूले सानैदेखि स्वस्थ राख्न सरसफाईका साथसाथै आराममा पनि ख्याल गनुपर्छ भन्ने कुरा यस प्रबन्ध मार्फत प्रस्तुत गरिएको छ । बुबाको चिट्ठीमा वास्तविक चित्रहरू नभए तापनि एउटा साधा खामलाई चित्रको रूपमा देखाइएको छ । यसको सट्टामा एउटा वास्तविक चिट्ठीको नै चित्र दिइएको भए अझ उत्तम हुने थियो होला । यसबाट कक्षा ४ मा अध्ययनरत विद्यार्थीहरूको मानसपटलमा छिर्न नसक्ने खामको नमूना दिनाले यस पाठमा संख्यात्मक रूपमा चित्रको अपर्याप्तता महशुस हुन्छ ।

**'आमा'** कवितामा रहेको एकमात्र चित्रले यस पाठलाई पूर्णता दिएको छ । आफ्नो बच्चालाई छातीमा च्यापेर बसेकी आमा र आमाको मातृवात्सल्यमा मख्ख बच्चाको चित्र नै यस पाठको गहनाको रूपमा रहेको छ । यसमा प्रविष्ट आमा र बच्चाको चित्र सङ्ख्यात्मक रूपमा पर्याप्त रहेको छ । बाहौं पाठमा रहेको कथा '**बजा लौरी डाङडुङ**' रहेका तीन चित्रहरू सङ्ख्यात्मक रूपमा पर्याप्त छन् । पहिलो चित्रमा रहेको राक्षस र दिलबहादुर यस पाठका मानव पात्रहरू हुन् । एउटा रूखको फेदमा बसेर **खिरपाक ताउली** दिदै गरेको चित्र यस पाठमा रहेको छ भने दोस्रो पाठमा रहेका दुई मानव पात्र दिलबहादुर र यसकी फुपु अनि एउटा मानवेत्तर पात्र सुनबङ्कौंली बाखी । तेस्रो चित्रमा घरमा सुतिरहेको दिलबहादुर र लौरीले पिटिरहेकी फुपूलाई देखाइएको छ । यसमा रहेका यी तीन चित्रहरू सङ्ख्यात्मक रूपमा पर्याप्त छन् । **नरेशको यात्रा** प्रबन्धमा प्रविष्ट विभिन्न चार चित्रहरूमा विभिन्न परिवेशहरू समेटिएका छन् । पहिलो चित्रमा काठमाण्डौंको नयाँ बसपार्कदेखि विभिन्न ठाउँ हुदै फुपूको घरसम्मको रेखाचित्र समेत देखाइएको छ । त्यस्तै चौतारा बस बिसौनी छोडेर केही परसम्म पैदल हिँडेको दृष्य पनि चित्रमा देखाइएको छ । तेस्रो चित्रमा देखाइएको चित्रमा एउटा छुट्टै सामाजिक परिवेश पनि देखाइको छ । जसमा बस कुरेर बसेका मान्छेहरू, डोको बोकेर कुनै काम विशेषले हिडेकी महिला, यात्रालाई सहजीकृत गरी दिने निकै भलादमी जस्ता देखिने व्यक्ति अनि यात्रु समेतलाई समेटिएको छ भने आसपासमा बोर्ड, बस र घरहरू पनि देखाइएको छ । यी सबै कुराहरूलाई हेर्दा यो पाठमा समाविष्ट चार चित्रहरू सङ्ख्यात्मक हिसाबले पर्याप्त रहेका छन् ।

**'पशुपन्छी र हाम्रो कर्तव्य'** संवादमा एउटा मात्र चित्र रहेको छ । यसमा दुईजना बटुवा र राजु नाम गरेका मानव पात्रहरू रहेका छन् भने एउटा चरीलाई पात्रको रूपमा राखिएको छ । एउटा जङ्गलमा गुलेलीले चरालाई ताकिरहेको अवस्थामा बटुवाले चरालाई उढाइ दिएको प्रसङ्गबाट संवाद सुरू भएको छ । यस संवादमा एउटा मात्र चित्र भए तापनि पशुपन्छीमाथिको हाम्रो कर्तव्य कस्तो हुनु पर्दछ भन्ने विषयलाई छर्लङ्ग पारेको छ । यसैगरी

महाकवि लक्ष्मीप्रसाद देवकोटाद्वारा लिखित कविता **पाप लाग्छ**मा पनि एउटा मात्र चित्र रहेको छ । उक्त चित्रमा एउटा बगैँचामा चरा र पुतलीहरू उडिरहेको देखाइएको छ । यस पाठमा संलग्न एकमात्र चित्र यस पाठका लागि पर्याप्त छ ।

सत्रौं पाठमा रहेको **'पछुतो'** कथामा तीनवटा चित्रहरू समावेश गरिएका छन् । यसमा समाविष्ट तीन चित्रहरू प्रसङ्ग र विषयवस्तुका आधारमा सही रहेका छन् । यसमा रहेको पहिलो चित्रमा खाटमा बसिरहेका धनपति बाजे र छेउमा बिन्ती गर्दै गरेको असहाय जस्तो देखिने मसिनेलाई देखाइएको छ । दोस्रो चित्रमा धनपति बाजे असक्त अवस्तामा खाटमा विरामी भएर सुतिरहेका र वरिपरि परिवारका मान्छे र डाक्टर जस्ता देखिने मान्छेहरूको जमघट रहेको देखाइएको छ । झट्ट हेर्दा सबैको ध्यान धनपति बाजेतिरै रहेको जस्तो देखिन्छ । यसरी नै तेस्रो चित्रमा धनपति बाजे, उनकी श्रीमती, काखमा सानो नानी र मसिने अनि छेवैमा डोरीमा लुगा सुकाएको देखाइएको छ । समाजमा रहेका मानिसहरूको सामाजिक यथार्थता, मानिसलाई आइपर्ने समस्या जस्ता कुरा अनि मानवीय प्रायश्चितको प्रसङ्गलाई यी चित्रहरू मार्फत देखाइएको छ । **बालबालिकाको अधिकार** प्रबन्धमा पनि दुईवटा चित्रहरू समावेश छन् । पहिलो चित्रमा बालबालिकाहरू रूखको फेदमा बसेर पढिरहेको देखाइएको छ भने दोस्रो चित्रमा खेलमैदानमा केही केटाकेटीहरू खेल खेलिरहेको देखाइएको छ । आजका बालिबालिकाहरू शहर बजारको गञ्जागोलबाट पर बसेर अध्ययन गर्न चाहने परिपाटीलाई पहिलो चित्रमा देखाइएको छ भने दोस्रो चित्रमा बालबालिकाहरू आ-आफ्नो समूह बनाएर विभिन्न खेलहरू खेल्ने गरेको यथार्थलाई पनि देखाइएको छ । समग्रमा यस पाठमा संलग्न चित्रहरू सङ्ख्यात्मक यथार्थताका हिसाबले अब्बल छन् ।

**'लक्ष्य'** कवितामा सङ्ख्याका हिसाबले एउटा मात्र चित्र रहेको छ । पारसमणि प्रधानद्वारा लिखित यस कवितामा दिइएको चित्रमा एउटा रूखमा झुण्ड्याइएको माछारूपी लक्ष्यलाई एकजना अर्जुनरूपी मानिसले तीर ताकिरहेको देखाइएको छ । यस कविता मार्फत मानिसमा कुनै न कुनै लक्ष्य हुनु पर्दछ, लक्ष्य विनाको मानिस सफल मानिस हुन सक्दैन भन्ने सन्देश **लक्ष्य** कविता र यस पाठमा संलग्न चित्र मार्फत दिन खोजिएको छ । **'सत्यकामको अठोट'** कथामा चार चित्रहरू रहेका छन् । संख्यात्मक हिसाबले यी चित्रहरू अलि बढी देखिए तापनि प्रसङ्गका आधारमा यी चित्रहरू पर्याप्त छन् । यस चित्रमा एकजना ऋषि रूखको फेदमा बसेर आफ्ना शिष्यहरूलाई ज्ञान दिइरहेको जस्तो देखिन्छ भने छेवैमा एकजना असहाय जस्तो देखिने एक बालक आफ्नो काँधमा एउटा लौरो सहित पोको बोकेर उभिरहेको छ । त्यस बालकलाई ऋषि जस्तै देखिने गुरूले केही कुरा भनिरहेको जस्तो देखिन्छ । दोस्रो चित्रमा ती शिष्यहरूले बालकलाई जिस्क्याइरहेको जस्तो देखिन्छ । गुरू

निर्वाक्य भएर चुप बसेको जस्तो लाग्दछ भने त्यो बालक आफ्नो पोको विसाएर, लौरो टेकेर लज्जित मुद्रामा किंकर्तव्यविमूढ भएर उभिरहेको देखिन्छ । यसैगरी तेस्रो चित्रमा बालक आफ्नो आमा जस्तै देखिने एक महिलासँग गएर आफ्ना गुनासाहरू पोखिरहेको जस्तो देखिन्छ भने महिलाले उक्त बालकलाई केही भनेर सम्झाइरहेको जस्तो देखिएको छ । यसैगरी अन्तिम तथा चौथो चित्रमा एकजना व्यक्ति एउटा कोठामा बसेर प्रतिभाको साधना गरिरहेको देखाइएको छ । वरिपरि रामायण र अन्य ठूला ठूला ग्रन्थहरू पनि राखिएको छ । उनको अगाडि पनि कुनै पुस्तक तयार भएरहेको जस्तो देखिन्छ । यसबाट के कुरा प्रष्ट हुन्छ भने ज्ञान भन्ने कुरा गुरूबाट मात्र नभएर आफै पनि स्वस्फुर्त हुन सक्दछ । ज्ञान साधना हो, यसलाई निरन्तरता दिइरह्यो भने, आफ्नो अठोटलाई बलियो बनायो भने अवश्य पनि आफ्नो लक्ष्यमा पुग्न सकिन्छ भन्ने सन्देश यी चार चित्रहरूबाट प्रष्ट्याउन खोजिएको देखिन्छ ।

मेरो नेपाली किताबको अन्तिम तथा एक्काइसऔं पाठ **'आधुनिक सञ्चार'**मा जम्मा चारवटा चित्रहरू समाविष्ट गरिएका छन् । पहिलो चित्रमा चराले चिठ्ठी बोकेर उडिरहेको देखाइएको छ । दोस्रो चित्रमा कम्प्यूटरको प्रयोग गरिएको छ । यस चित्रमा छलफल गरिरहेको जस्तो चित्र पनि राखिएको छ । तेस्रो चित्रमा एउटा समूहमा रहेका केटाकेटीहरू एक ठाउँमा जम्मा भएर टेलिभिजन हेरिरहेको दृष्य रहेको छ भने अन्तिम वा चौथो चित्रमा एकजना बच्चीले टेलिफोनमा कुरा गरिरहेको देखाइएको छ । सङ्ख्यात्मक रूपमा यस पाठमा रहेका चार चित्रहरू आवश्यकताका हिसाबले पर्याप्त रहेका छन् । समग्रमा यस पुस्तकमा रहेका सम्पूर्ण चित्रहरूलाई सङ्ख्यात्मक हिसाबले हेर्ने हो भने तुलनात्मक रूपमा एक्काइस पाठहरूमा संलग्न चित्रहरूलाई भाग गर्ने हो भने प्रत्येक पाठमा करिव $२\frac{१}{२}$ चित्रहरू पर्दछन् । यस अनुसार यस पुस्तकमा सङ्ख्यात्मक हिसाबले पर्याप्त चित्रहरू रहेका छैनन् ।

### ४.५.१.४ चित्रको आकार

पाठ्यपुस्तकमा प्रयुक्त चित्रहरू कक्षा तथा स्तर अनुसार राखिएको हुनु पर्दछ । सामान्यतः साना कक्षाका लागि ठूला र क्रमशः ठूला कक्षाका लागि साना चित्रहरूको रखाइ व्यवस्थापन गरिनु जरूरी छ । यसका साथै कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको लागि चित्रहरू रंगीन, स्पष्ट र ठूलो आकारमा हुन जरूरी छ । यस पाठ्यपुस्तकमा चित्रहरूलाई निम्नानुसार राखिएको छ :

**गाउँछ गीत नेपाली** कवितामा रहेको चित्र कक्षा चारका विद्यार्थीहरूका लागि अकारगत हिसाबले केही सानो भए तापनि स्तरीय छ । यस्तै **धनको घमण्ड** कथामा रहेका तीनवटै चित्रहरू आकारका दृष्टिले उपयुक्त एवम् स्तरीय देखिन्छन् । यसै गरी **बचत गर्ने**

**बानी** प्रबन्धमा रहेको एउटा चित्र अलि स्पष्टका लागि उक्त चित्रको आकार अलि ठूलो भएको भए बैंकमा देखिएको चहलपहल अझ स्पष्ट देखिने थियो । **नौलाख तारा** कवितामा रहेका सबै चित्रहरू आकारगत हिसाबले साना रहेका छन् । यसैगरी **नीमको पात** कथामा रहेका तीन चित्रहरूमा दोस्रो र तेस्रो चित्र आकारका हिसाबले स्तरीय छन् भने पहिलो चित्र अलि सानो रहेको पाइन्छ । **बाग्मती नदी** प्रबन्ध, **दाजुभाइ र बूढाबा** कथा, **स्वस्थ बनौं** प्रबन्ध, **आमा** कविता, **बजा लौरी डाङडुङ** कथामा रहेका चित्रहरू आकारगत दृष्टिले उपयुक्त एवम् स्तरीय रहेका छन् । यस्तै **बिहेको निम्तो** संवादमा रहेका तीन चित्रहरू भने आकारका दृष्टिले पहिलो र तेस्रो केही सानो भए तापनि दोस्रो चित्र भने धेरै सानो रहेको छ । **नरेशको यात्रा** प्रबन्धमा रहेका चार चित्रहरूमा आकारगत हिसाबले अलि साना भए तापनि चित्रहरू मध्ये दुई चित्रहरू पूर्ण नभई अर्ध रहेकाले पनि कक्षा चारका विद्यार्थीहरूलाई चित्रको अध्यापन गराउन अलि समस्या हुने देखिन्छ । **पशुपन्छी र हाम्रो कर्तव्य** संवाद, **पाप लाग्छ** कवितामा रहेका एक एक चित्रहरू आकारका दृष्टिले उपयुक्त रहेका छन् । **पछुतो** कथामा रहेका तीन चित्रहरू **बालबालिकाको अधिकार** प्रबन्धमा रहेका दुई चित्रहरू आकारका दृष्टिले साना भएकाले उपयुक्ततामा कमी देखिन्छ । **लक्ष्य** कवितामा रहेको एउटा चित्र, **सत्य कामको अठोट** कथाका चार चित्रहरूमध्ये पहिलो र तेस्रो चित्रहरू अलि साना रहेका छन् भने दोस्रो र चौथो चित्रहरू आकारगत हिसाबले उपयुक्त छन् । अन्त्यमा **आधुनिक सञ्चार** प्रबन्धमा रहेका चार चित्रहरूमध्ये दोस्रो चित्र आकारका हिसाबले उत्तम भए तापनि बाँकी तीन चित्रहरू निकै साना र अस्पष्ट रहेका छन् । यसरी चित्रहरूको आकारगत हिसाबले हेर्दा आधाभन्दा बढी चित्रहरूमा आकारगत त्रुटी रहेको पाइन्छ । यस विषयमा पाठ्यपुस्तक निर्माता तथा सम्बन्धित निकायहरूको ध्यान पुग्न नसकेको जस्तो देखिन्छ ।

### ४.५.१.५ छपाइ प्रविधि

पाठ्यपुस्तकमा प्रयोग गरिने चित्र छपाइ प्रविधिका दृष्टिले पनि स्तरीय हुनुपर्दछ । यसका लागि सन्तुलित मसीको प्रयोग गरी छपाइ स्पष्ट र सफा हुनुपर्दछ जो भावबोधका दृष्टिले सहायक हुनुपर्दछ । छपाइ कै आधारमा कहिले काहीँ अर्थको अनर्थ हुने अवस्थाबाट समेत जोगाउनु आवश्यक छ । यस आधारमा **धनको घमण्ड** कथामा संलग्न पहिलो चित्रमा स्पष्टता नभएको पाइन्छ भने बाँकी दुई चित्रहरू भने छपाइ प्रविधिका हिसाबले सही रहेका छन् । यसरी नै **बचत गर्ने बानी** प्रबन्धमा रहेको एकमात्र चित्रमा पनि बैंकका कर्मचारीहरूको फोटो छपाइका दृष्टिले मधुरो अफिस पनि अस्पष्ट जस्तो देखिन्छ । **नौलाख तारा** कवितामा रहेका पाँच चित्रहरू मध्ये तेस्रो र पाँचौ चित्र अस्पष्ट रहेका छन् । यसै गरी **नीमको पात** कथाको पहिलो चित्र पनि छपाइका दृष्टिले कमजोर नै देखिन्छ ।

कक्षागत हिसाबले चित्रहरूको छपाइ प्रविधि अत्यन्त कमजोर देखिन्छ । किनकी पहिलो कुरा त कक्षा ४ का विद्यार्थीका लागि साधा चित्रहरू वा श्यामस्वेत चित्रहरू नै अनुपयुक्त हुन्छन् भने अर्कोतिर स्पष्ट छपाइका अभावले पनि विद्यार्थीहरूलाई अन्यौल हुने अवस्था सृजना भएको पाइन्छ । **बाग्मती नदी** प्रबन्धमा रहेका तीनवटा चित्रहरू मध्ये पहिलो चित्र के को हो भन्ने कुरामा विद्यार्थी मात्र होइन शिक्षक नै दोधार पर्ने अवस्था रहेको छ । छपाइ प्रविधि कै दृष्टिले हेर्ने हो भने **बिहेको निम्तो** संवाद पनि अछुतो छैन । यसमा रहेका तीन चित्रमा दोस्रो चित्र ठिकै भए तापनि पहिलो र तेस्रो चित्रहरू छपाइको दृष्टिले कमजोर छन् । **दाजुभाइ र बुढाबा** कथामा समाविष्ट चित्रहरू छवटा चित्रहरूमा दोस्रो र चौथो चित्रहरू छपाइका दृष्टिले अस्पष्ट छन् भने **नरेशको यात्रा** प्रबन्धमा रहेका चार चित्रहरू मध्ये पहिलो चित्र नै छपाइ प्रविधिका दृष्टिले कमजोर रहेको छ । यस पाठमा रहेका अनुच्छेदहरू पनि छपाइका दृष्टिले अस्पष्ट अर्थात नबुझिने छन् ।

**पछुतो** कथामा रहेका सबै अर्थात् तीनवटै चित्रहरू छपाइ प्रविधिका हिसाबले उपयुक्त देखिदैनन् । आकार र मसीको मिलावट दुवैमा कमी रहेको पाइन्छ । **बालबालिकाको अधिकार** प्रबन्धमा रहेका दुई चित्रहरूमध्ये पहिलो चित्र त अस्पष्ट छदैछ भने दोस्रो चित्र कार्टुन चित्रजस्तो देखिन्छ । सत्यकामको अठोटमा रहेका चार चित्रहरू मध्ये तेस्रो र चौथो चित्रमा मसीको प्रयोग ज्यादा देखिन्छ भने पहिलो चित्रमा मसीको अभाव रहेको पाइन्छ भने दोस्रो चित्रमा भने सुझाब र आलोचनाको आवश्यकता देखिदैन । **आधुनिक संचार** प्रबन्धमा रहेका सबै अर्थात चारवटै चित्रहरू भने यस पुस्तकमा रहेका सम्पूर्ण चित्रहरू भन्दा बढी अस्पष्ट वा छपाइ प्रविधिका दृष्टिले पनि अनुपयुक्त देखिन्छन् ।

### ४.५.१.६ रखाइ

भाषा पाठ्यपुस्तकमा चित्रहरूको रखाइलाई ख्याल गर्नुपर्दछ । विषयवस्तुको भाव गहनतालाई बुझाइने चित्र यथासक्य सन्दर्भ आएकै ठाउँमा राख्नुपर्छ । यस आधारमा **गाउँछ गीत नेपाली** कवितामा रहेको एकमात्र चित्र सही ठाउँमा राखिएको छ । यस्तै **धनको घमण्ड** कथामा रहेका तीनवटा चित्रहरूमध्ये पहिलो चित्र कथाको प्रसङ्ग सुरू हुँदै राखिएको छ । दोस्रो चित्र ठिक ठाउँमा राखिएको छ भने तेस्रो अथवा अन्तिम चित्रपनि प्रसङ्ग अनुसार अलि नमिलेको देखिन्छ । यसरी नै **बचत गर्ने बानी** प्रबन्ध रहेको एकमात्र चित्र प्रबन्धको प्रसङ्गअनुसार दोस्रो अनुच्छेद भन्दा पछाडि हुने पर्ने थियो । यसमा प्रबन्धको प्रसङ्गभन्दा अगाडि नै राखिएको छ । **नौलाख तारा** कवितामा रहेका सबै चित्रहरू आवश्यक नभए तापनि प्रसङ्गगत रूपमा सही ठाउँमा रहेका छन् ।

यस पुस्तकमा समाविष्ट पाँचौ पाठमा रहेको **नीमको पात** कथामा रहेका तीन चित्रहरू कथाको प्रसङ्ग अनुसार नै रहेको पाइन्छ । यसमा कथामा रहेको तीनवटा चित्रहरू पनि रखाइका हिसाबले सान्दर्भिक छन् । यस्तै **बाग्मती नदी** प्रबन्धमा रहेका तीनवटा चित्रहरू रखाइका आधारमा सान्दर्भिक रहेका छन् । **बिहेको निम्तो** संवादमा रहेका तीन चित्रहरू आकारगत हिसाबमा जे जस्ता भए तापनि रखाइका हिसाबले ठिक ठाउँमा रहेका छन् । विषय र प्रसङ्ग अनुसार यस संवादमा रहेका चित्रहरू सही र सान्दर्भिक स्थानमा रहेका छन् ।

**दाजुभाइ र बुढाबा** कथामा छवटा चित्रहरू रहेका छन् । यस पाठमा रहेका छवटा चित्रहरू आवश्यकताका दृष्टिले बढी नै भए तापनि तेस्रो र चौथो चित्रहरू रखाइका हिसाबले कथाको प्रसङ्गभन्दा पछाडि रहेका छन् भने बाँकी चित्रहरू सही ठाउँमा र सान्दर्भिक हिसाबले राखिएको पाइन्छ । यसैगरी **पछुतो** प्रबन्धमा रहेका पाँचवटा चित्रहरू मध्ये पहिलो चित्र यस किताब मध्ये आकार, स्पष्टता, दुरूस्तता र रखाइका दृष्टिले पनि उपयुक्त देखिन्छ भने बाँकी चार चित्रहरू पाठको प्रसङ्गका दृष्टिले उपयुक्त नै भए तापनि सङ्यात्मक हिसाबले बढी भएको देखिन्छ । उपयुक्तता, स्पष्टता, सान्दभिक, आवश्यकता आदिका कारणले यस पुस्तकमा समाविष्ट चित्रहरू मध्ये कै अब्बल रहेको यस आमा कविताको एकमात्र चित्र रखाइका दृष्टिले पनि अब्बल नै रहेको छ र वास्तवमा आमाले आफ्नो शिशुलाई कसरी आफ्नो मातृवात्सल्यतामा लिन्छन् वा बोक्छन् भन्ने नमूनाको रूपमा यो चित्रलाई उभ्याइएको छ ।

**बजा लौरी डाङडुङ** कथामा जम्मा तीनवटा चित्रहरू रहेका छन् । यस कथामा रहेका तीनवटा चित्रहरू मध्ये पहिलो र तेस्रो चित्रहरू रखाइका आधारमा सही स्थानका छन् । दोस्रो चित्र भने प्रसङ्गभन्दा एक अनुच्छेद पछाडि रहेका भए तापनि समग्र पाठलाई हेर्दा यस कथामा रहेका सबै चित्रहरू रखाइका आधारमा उपयुक्त स्थानमा रहेको पाइन्छ । **नरेशको यात्रा** प्रबन्धमा रहेका चार चित्रहरूमध्ये पहिलो, दोस्रो र चौथो चित्रहरू स्थान वा रखाइका दृष्टिले उपयुक्त स्थानमा रहे तापनि तेस्रो चित्र प्रबन्धमा प्रसङ्गका दृष्टिले उपयुक्त देखिदैन । **पशुपन्छी र हाम्रो कर्तव्य** संबादमा रहेको एउटा चित्र रखाइका हिसाबले उपयुक्त ठाउँमा नभए तापनि चित्रमुनि कोष्टकमा लेखिएको प्रसङ्गगले यस चित्रलाई पूर्णता दिएको अनुभव हुन्छ । **पाप लाग्छ** कवितामा एउटा मात्र चित्र रहेको छ । यो चित्र रखाइका दृष्टिले उपयुक्त स्थानमा रहेको छ । **पछुतो** कथामा जम्मा तीनवटा चित्रहरू रहेका छन् । ती चित्रहरू सबै कथाको प्रसङ्गका दृष्टिले उपयुक्त स्थानमा रहेका छन् ।

**बालबालिकाको अधिकार** प्रबन्धमा रहेका दुईवटा चित्रहरू स्थानगत रूपमा सही ठाउँमा रहेका छन् । अर्थात यस पाठमा रहेका चित्रहरूमा प्रबन्धको प्रसङ्गगत रूपमा नभएर यस पाठको कुनै पनि ठाउँमा रहँदा पनि कुनै फरक नपर्ने किसिमको सन्दर्भ रहेकोले यस पाठमा रहेका चित्रहरूको रखाइ सही रहेको पाइन्छ । यसैगरी **लक्ष्य** कवितामा रहेको एउटा मात्र सांकेतिक चित्र भए तापनि स्थानगत रूपमा उपयुक्त नै रहेको पाइन्छ । यसमा रहेको चित्रले कविताको प्रसङ्गलाई त्यति समेट्न नसकेतापनि सङ्ख्यागत र रखाइका हिसाबले सान्दर्भिक रहेको छ । **सत्यकामको अठोट** कथामा प्रयुक्त चार चित्रहरू आकार, स्पष्टताका हिसाबले मात्र हैन रखाइका हिसाबले पनि त्रुटीपूर्ण छन् भन्नु अत्युक्ती नहोला । किनकी यस पाठमा रहेका प्रत्येक चित्रहरू विषयवस्तुका आधारमा एक-एक अनुच्छेद अगाडि हुनु पर्ने देखिन्छ भने यस पुस्तकको अन्तिम पाठ **आधुनिक सञ्चार**मा रहेका चारवटा चित्रहरूमध्ये पहिलो चित्रको विषय प्रसङ्ग फरक परेता पनि बाँकी रहेका तीनवटा चित्रहरूको रखाइको अवस्था स्थानगत रूपमा सही रहेका छन् । समग्रमा भन्नुपर्दा यस पुस्तकका सम्पूर्ण पाठहरूमा प्रविष्ट सम्पूर्ण चित्रहरूको स्तरयुक्त प्रयोग गरिएकाले रखाइका नजरमा चित्तबुझ्दो रहेको छ ।

### ४.५.१.७ आकर्षण

जुन वस्तुले मानिसको मन तान्छ त्यही वस्तुका बारेमा बढी जान्न खोज्ने तथा बुझ्ने इच्छा हुने भएकाले पाठ्यपुस्तकहरूमा आकर्षक चित्रहरूको विषेश महत्व रहन्छ । यस आधारमा हेर्दा **गाउँछ गीत नेपाली** कवितामा रहेको एक मात्र चित्र आकारगत हिसाबले सानो भए तापनि आकर्षक रहेको छ । यसैगरी **धनको घमण्ड** कथामा रहेका तीन चित्रहरू मध्ये दोस्रो र तेस्रो चित्र आकर्षक रहेका छन् भने पहिलो चित्र मधुरो र केही अस्पष्ट जस्तो देखिन्छ । **बचत गर्ने बानी** प्रबन्धमा रहेको एकमात्र चित्र भने आवश्यकताभन्दा कम आकर्षक रहेको छ । कक्षा चारका विद्यार्थीहरूका लागि प्रत्येक चित्रहरू आकर्षक हुन जरूरी भए तापनि यस पाठमा रहेको एकमात्र चित्र आवश्यक आकर्षण नभएकाले बालमनस्थितिमा चित्रप्रतिको आकर्षण घट्न जाने सम्भावना रहन्छ ।

**धनको घमण्ड** कथामा रहेका चित्रहरू पौराणिक तथा ऐतिहासिक भएकाले पनि आकर्षक छन् । त्यसमा पनि उक्त पाठमा प्रयुक्त तीन चित्रहरूमध्ये पहिलो चित्रभन्दा पनि दोस्रो र तेस्रो चित्रहरू बढी आकर्षक रहेको पाइन्छ । यसरी नै **बचत गर्ने बानी** प्रबन्धमा रहेको एउटा चित्रले विद्यार्थीहरूको ध्यानलाई त्यति आकर्षण गर्न सक्ला जस्तो त लाग्दैन तथापी बैंक तथा वित्तीय संस्था भनेको यस्तो हुन्छ भन्ने चिनाउन मात्र सहयोगी हुने कुरा

भने निश्चित नै छ । यस पाठमा चित्रको अभाव र अस्पष्टताका कारणले नै आकर्षक हुन नसकेको कुरा पुष्टि हुन्छ । आकारगत हिसाबले पनि कति चित्रहरू आकर्षक हुन्छन् । **नौलाख तारा**मा रहेका पाँचवटा चित्रहरू राष्ट्रिय पहिचान समेतका चित्रहरू भए तापनि आकारगत दृष्टिले त्यति आकर्षक भने देखिदैनन् । **नीमको पात** कथामा रहेका तीनवटा चित्रहरूमा एसियाका ताराको रूपमा परिचित गौतम बुद्धको चित्र राखिएको छ । उक्त चित्र पनि पौराणिक चित्र भएकोले र सन्देशमूलक चित्र भएकोले पनि आकर्षक चित्रको पङ्तिमा राख्न सकिन्छ । **बाग्मती नदी** पाठमा प्रयुक्त चित्रहरू उपयुक्तताका हिसाबले जे जस्ता भए तापनि नेपालको स्वभिमानपूर्ण तथा आराध्यदेव श्री पशुपतिनाथ प्रतीकको रूपमा रहेको दोस्रो चित्र यस पाठको आकर्षक चित्रको रूपमा रहेको छ भने बाँकी पहिलो र तेस्रो चित्रहरूमा त्यति आकर्षण रहेको पाइन्न ।

**बिहेको निम्तो** संवादमा प्रयुक्त तीन चित्रहरू सामाजिक यथार्थमा उभिएका छन् । समाजमा रहेका परम्परालाई प्रष्ट्याउन खोजिएका यी चित्रहरूमा आफ्ना घरमा आएका पाहुनालाई पानी मात्र दिएर भएपनि स्वागत् सम्मान गरेको, औपचारिकतापूर्ण गफगाफ गर्दै गरेका चित्रहरू यस पाठमा समावेश गरिएका छन् । समग्रमा भन्दा यस पाठमा चित्रहरूले पाठको आकर्षण बढाएको पाइन्छ । **दाजुभाइ र बुढाबा** कथामा रहेका चित्रहरू पनि समाज सुहाउँदो परिवेशका छन् । यस पाठमा रहेका छवटा चित्रहरू आ-आफ्नौ हिसाबका छन् । यी मध्ये पहिलो चित्रमा साहुको ऋण तिर्न नसकेर कामको खोजीमा भौतारिएर हिडेको दुई दाजुभाइको दर्दनाक कथामो चित्रण यस पाठमा रहेका चित्रहरू मार्फत प्रस्ष्ट्याउन खोजिएको तथा कुनै दयालु बुढाबाबाट उनीहरूको उद्धारको लागि काम दिएर उनीहरूको भविष्य उज्यालो बनाइ दिएको प्रसङ्ग चित्र मार्फत दिन खोजिएको पाइन्छ । कथा बस्तुका दृष्टिले यस पाठमा रहेका चित्रहरू आकर्षक रहेका छन् । **स्वस्थ बनौ** प्रबन्धमा चित्रहरू भने आकर्षणका दृष्टिले पूर्ण आकर्षक छन् । यस पाठमा रहेको पहिलो चित्रको बालक त्यतिकै आकर्षक छ भने बाँकी स्वस्थ सम्बन्धी चार चित्रहरू पनि आकर्षणका दृष्टिले कमी छैनन् । खामको नमूना पाठमा रहेको खामको चित्र भने साधा भएको कारणले त्यति आकर्षित गर्न सकेको पाइदैन ।

**आमा** कवितामा रहेको एकमात्र चित्र यस पुस्तक भरीकै आकर्षक चित्र हो भन्नुमा कुनै अत्युक्ति नहोला । किनकी यो चित्र आकार, स्पष्टता, स्थान आदिका कारणले पनि उपयुक्त देखिन्छ भने आकर्षण पनि त्यतिकै प्रबल रहेको देखिन्छ । **बजा लौरी डाङडुङ** कथा दन्त्य कथा भएकोले पनि अकर्षण हिसाबले अब्बल छ । यस पाठमा रहेका तीनवटा चित्रहरूमा तीनवटै जादु जस्तो लाग्ने कथाहरू छन् । यस दृष्टिले पनि साना कक्षाका

विद्यार्थीहरूको मानसपटलमा यसको प्रभाव फरक किसिमको देखिनाले पनि यी चित्रहरू आकर्षक चित्रको पङ्तीमा उभिएको पाइन्छ । **नरेशको यात्रा** प्रबन्धमा रहेका चित्रहरूमा बस, बसपार्क, पहाडको बाटो आदि देखाइएको छ । ठाउँ, परिवेश र भौगोलिक क्षेत्रमा अध्ययारत विद्यार्थीहरूका हिसाबले यी चित्रहरू पनि आकर्षक चित्रको काटीमा राख्न सकिन्छ । **पाप लाग्छ** कवितामा रहेको एउटा मात्र चित्र पाठ प्रसङ्गका दृष्टिले आकर्षक रहेको भए तापनि अझ यस्ता चित्रहरू रङ्गिन बनाउन सकिएको भए सुनमा सुगन्ध नै हुने थिए भन्ने कुरा नकार्न सकिदैन ।

**पछुतो** कथाका तीनवटा चित्रहरू सन्देशमूलक भए तापनि स्पष्टताका हिसाबले आकर्षक छैनन् । कक्षा चारमा अध्ययन गर्ने विद्यार्थीहरूका आँखाले साना होइन ठूला, मधुरा होइन स्पष्ट र साधा होइन रङ्गिन चित्रहरू खोजिरहेका हुन्छन् । तथापी यस पाठको प्रसङ्गका आधारमा भने यी चित्रहरू आकर्षक नै देखिन्छन् । **बालबालिकाको अधिकार** प्रबन्धमा जम्मा दुईवटा चित्र रहेका छन् । यस पाठमा प्रविष्ट चित्रहरू आकार र स्पष्टताका आधारमा त त्यति उत्तम देखिदैनन् तथापी पढ्दै र खेल्दै गरेका चित्रहरू आकर्षक नै देखिन्छन् । यसरी नै **लक्ष्य** कवितामा रहेको एकमात्र चित्र पनि साना बालबालिकाका लागि आकर्षक नै छ । **सत्यकामको अठोट** कथामा रहेका चारवटा चित्रहरू फरक फरक प्रसङ्गका छन् । सबै प्रसङ्गहरू ज्ञानरूपी भएकोले पनि यस पाठमा चार चित्रहरू आकर्षणका हिसाबले उचित छन् । यस पुस्तककै अन्तिम पाठ **आधुनिक सञ्चार**मा पनि चारवटा चित्रहरू रहेका छन् । यी चित्रहरू एकातर्फ बुझ्न नसकिने छन् भने अर्कोतर्फ आकारगत हिसाबले कोही ठूला त कोही साना रहेको पाइन्छ ।

अन्त्यमा यस पुस्तकमा रहेका सबै चित्रहरूलाई आकर्षणका दृष्टिले अध्ययन गर्दा करिव ५० प्रतिशत चित्रहरू मात्र आकर्षक रहेका छन् भने बाँकी ५० प्रतिशतभन्दा बढी चित्रहरूलाई आकर्षक छैनन् । यसमा पनि कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूका लागि रङ्गिन चित्रहरू नै महत्वपूर्ण र आकर्षक पनि हुने थिए तरै पनि यस पुस्तकमा समाविष्ट चित्रहरूमध्ये आधाजसो चित्रहरू आकर्षक रहेको पाइन्छ ।

### ४.५.२ आन्तरिक पक्षका आधारमा चित्रहरूको विश्लेषण

जति वाह्यपक्षका आधारमा चित्रहरू स्तरीय हुँदा भाषा सिकाइ प्रभावकारी हुन्छ त्यति आन्तरिक आधारमा पनि स्तरीय हुन जरूरी छ; अन्यथा भाषा पाठ्यपुस्तकको महफ्व हराएर जान्छ । पाठको विषयवस्तु, भाव, सिर्जनात्मकता, बौद्धिक क्षमता, सांस्कृतिक नैतिक मूल्य र मान्यता, आदि कुराहरू भाषा पाठ्यपुस्तकका ख्याल गर्नु पर्ने आन्तरिक पक्षहरू

हुन् । यी कुराहरूलाई विशेष ध्यान पुऱ्याएर छनोट गरिएका चित्रहरू भाषा सिकाइमा उपयोगी सिद्ध हुन्छन् । यस अन्तर्गत निम्न कुराहरू पर्दछन् :

### ४.५.२.१ विषयवस्तु सुहाउँदो

पाठ्यपुस्तकमा चित्रहरूको संयोजन गर्दा विषयवस्तुलाई पनि विशेष ख्याल गर्नु पर्दछ । विषयवस्तु एउटा र चित्र अर्कै तथा विषयवस्तु एकातिर र चित्र अर्को ठाउँमा भएमा चित्रको प्रभावकारिता न्यून हुन्छ । यसरी हेर्दा **गाउँछ गीत नेपाली** कवितामा एक बालक र एक बालिका नेपालको राष्ट्रिय झण्डा लिएर उभिएका छन् । यसमा नेपालको नक्सा र भौगोलिक अवस्थिति अनुसारका नेपालीहरूका चित्र पनि नेपालको नक्सा भित्र भै दिएको भए अझ सुनमा सुगन्ध हुने थियो तथापी यस पाठमा रहेको चित्र पनि विषयवस्तु सुहाउँदो नै रहेको छ । **धनको घमण्ड** कथामा रहेका तीनवटा चित्रहरू कथाको कथावस्तु तथा विषयवस्तु सुहाउँदो किसिमका रहेका छन् । यसैगरी **बचत गर्ने बानी** प्रबन्धमा रहेको एकमात्र चित्र स्पष्टता र संख्यात्मक रूपमा जे जस्तो भए तापनि विषयवस्तु सुहाउँदो रहेको छ ।

यसै गरी **नौलाख तारा** कवितामा प्रयुक्त पाँच चित्रहरू अधिकांश चित्रहरू विषयबस्तु सुहाउँदा रहेका छन् । यस पाठमा रहेका पाँच चित्रहरू कविताका पाँच अनुच्छेदका लागि छुट्टाछुट्टै रहेका छन् । **नीमको पात** कथामा रहेका तीनवटा चित्रहरूमध्ये पहिलो चित्रमा एकजना राजाले बुद्धलाई अनुग्रह गर्दै आफ्नो राजकुमारको उपद्रब र चालचलनलाई सुधार्नका लागि बिन्ती गरिरहेको चित्र देखाइएको छ भने दोस्रो र तेस्रो चित्रमा क्रमशः नीमको विरूवा उखालेको र प्रायश्चित्त स्वरूप अनुनय विनय गरेको चित्र रहेका छन् । यसर्थ यी तीनवटै चित्रहरू विषयवस्तु सुहाउँदा चित्रहरूको पङ्तीमा रहेको पाइन्छ । यसरी नै **बाग्मती नदी**मा रहेका तीन चित्रहरूमध्ये दोस्रो र तेस्रो चित्रहरू विषयवस्तुका हिसाबले सुदाउँदो किसिमका रहेका छन् भने पहिलो चित्र भने विषयवस्तु र पाठको प्रसङ्गका दृष्टिले उत्तम देखिदैन ।

प्रस्तुत **बिहेको निम्तो** संवादमा रहेका तीन चित्रहरूमा पहिलो चित्रमा निम्तो दिन आएका एक व्यक्ति र एउटी फुच्ची ढोकामा उभिएको चित्र रहेको छ । त्यसै गरी दोस्रो चित्रमा उक्त व्यक्तिले पानी पिउँदै गरेको चित्र रहेको छ भने तेस्रो चित्रमा दुई व्यक्ति प्रफुल्ल मुद्रामा गफ गरिएको चित्र समावेश गरिएको छ । पाठको विषयवस्तुको आधारमा हेर्दा विषयवस्तु सुहाउँदो देखिन्छ । **दाजुभाइ र बुढाबा** कथामा छवटा चित्रहरू रहेका मध्ये अगाडिका दुईवटा चित्रहरू कथाको शीर्षक र विषयवस्तु भन्दा फरक प्रसङ्गका रहेका चित्रहरू छन् भने बाँकी चारवटा चित्रहरू कथाको शीर्षक र विषयवस्तु सुदाउँदा किसिमका छन् ।

**दाजुभाइ र बुढाबा** नामक कथामा दुई युवक र बुढाबा रहेका चित्रहरू केवल चारवटा मात्र रहेका छन् । हुन त पहिलो र दोस्रो चित्रमा पनि दाजुभाइ रहेका छन् । यस हिसाबले भन्नु पर्दा चाहिँ यस पाठमा प्रयुक्त सबै चित्रहरू विषयवस्तु सुहाउँदो किसिमका रहेका छन् । स्वस्थ बनौ प्रबन्धमा रहेका पाँच चित्रहरूलाई अध्ययन गर्दा यस पाठमा रहेको पहिलो चित्रमा एउटा स्वस्थ बालक रहेको छ भने बाँकी चार चित्रहरूमा क्रमशः ब्रस गर्दै गरेको, कपाल कोर्दै गरेको, नङ काट्दै गरेको र सुतिरहेको दृष्य देखाइएको छ । यी सबै चित्रहरूलाई अध्ययन गर्दा यस पाठमा  रहेका सबै चित्रहरू विषयवस्तु  सुहाउँदा रहेका छन् ।

विषयवस्तु सुहाउँदो दृष्टिले आमा कवितामा रहेको एकमात्र चित्र अत्यन्त सवल रहेको छ । यस पाठको चित्रमा आमाले बच्चालाई बोकेको चित्र विषयवस्तुलाई उजागर गरेको छ । **बजा लौरी डाङडुङ** कथामा तीनवटा चित्र रहेका छन् । यस पाठमा रहेको अन्तिम तथा तेस्रो चित्र चाहिँ सतप्रतिशत विषयवस्तु सुहाउँदो छ भने बाँकी दुई चित्रहरू आंशिक रूपमा विषयवस्तु सुहाउँदा रहेका देखिन्छन् । **नरेशको यात्रा** प्रबन्धमा रहेका चार चित्रहरू यात्रामा प्रयोगमा आउने बसपार्क, गाडी, बाटो र विभिन्न स्टेशनहरू, चौतारा बसपार्क अनि प्राकृतिक छटाले जगमगाएको हिमाल र पहाडको दृष्य यस पाठमा रहेका छन् । यी चित्रहरू विषयवस्तु सुहाउँदो किसिमका रहेका छन् । पशुपन्छी र हाम्रो कर्तब्य संवादमा रहेको एउटा मात्र चित्र पनि विषयवस्तु अनुसार नै राखिएको छ । यस पाठमा एकातिर चराको सिकार गर्ने उद्देश्यले हिडेका एक व्यक्ति र पशुपन्छीको जीवन रक्षाका लागि एक व्यक्तिलाई उभ्याइएको छ । **पाप लाग्छ** कवितामा एउटा चित्र रहेको छ । यस पाठमा राखिएको एउटै चित्र पनि विषयवस्तुलाई स्पष्ट रूपमा प्रस्तुत गर्न सफल छ । **पछुतो** कथामा रहेका तीन चित्रहरूमा क्रमशः पहिलो चित्रमा धनपति बाजे र मसिने रहेका छन्, दोस्रो चित्रमा धनपति बाजे, डाक्टर, आफन्तहरू छन् भने अन्तिम चित्रमा धनपति बाजे र उनैकी श्रीमतीलाई पश्चाताप गर्दै बसिरहेको देखाइएको छ । यस कारण यी सबै कुरालाई प्रस्तुत गरिएको हुनाले पनि अनुरूपताका आधारमा सान्दर्भिक भन्न सकिन्छ ।

**बालबालिकाको अधिकार** प्रबन्धमा रहेका दुईवटा चित्रहरूमा बाल अधिकार सम्बन्धी चित्रहरू रहेका छन् । पहिलो चित्रमा अध्ययनरत विद्यार्थीहरू रहेका छन् भने दोस्रो चित्रमा आ-आफ्नै तवरले खेलिरहेका बालबालिकालाई प्रस्तुत गरिएको छ । यसको मतलव यस पाठका चित्रहरू विषयवस्तु सुहाउँदो छन् । **लक्ष्य** कविताको एकमात्र चित्र भने कविताको शीर्षक सुहाउँदो नभएको हो कि जस्तो आभाष हुन्छ । किनकी कविताको शीर्षक लक्ष्य छ भने चित्र चाहीँ सिकार गरिरहेको जस्तो देखिन्छ । तर सांकेतिक चित्र भएकोले पनि विषयवस्तु सुहाउँदो रहेको पाइन्छ । सत्यकामको अठोट कथामा चारवटा चित्रहरू पछाडिका

दुईवटा चित्रहरू विषयवस्तु सुहाउँदा रहेका छन् भने बाँकी अगाडिका दुईवटा चित्रहरू अलि फरक रहेका छन् । यसै गरी **आधुनिक** सञ्चारका चारवटा चित्रहरू मध्ये दोस्रो, तेस्रो र चौथो चित्र सञ्चार सम्बन्धी नै चित्र रहेका छन् भने पहिलो चित्रमा **आधुनिक** सञ्चार नभएर प्राचीन सञ्चारको बाहकको रूपमा राखिएको चराले चिठ्ठी बोकेर उडिरहेको चित्र राखिएको छ । यसरी हेर्दा यस पाठका आधारमा पहिलो चित्र छाडेर बाँकी चित्रहरू विषयवस्तु सुहाउँदा चित्रहरू रहेका छन् ।

### ४.५.२.२ अमूर्त विचारलाई बुझाउन सहायक

सादृष्य कुरालाई मात्र नभएर अदृष्य वा अमूर्त विचार तथा भावलाई बुझाउने गरी पाठ्यपुस्तकमा चित्रहरूको संयोजन गर्नुपर्दछ । अमूर्त कुराहरू देखिदैनन् तर तिनको भाव झल्कने गरी चित्र राख्दा पाठ्यपुस्तक व्यवहारिक एवम् सान्दर्भिक  हुन्छन् । भगवानप्रति आस्था, दुःखी तथा गरिबप्रति माया र सहयोग जस्ता कुराहरू बुझाउन सक्ने खालका चित्रहरूको प्रयोग गरिनु पर्दछ । यस आधारमा **गाउँछ गीत नेपाली** कवितामा नदीनाला, हिमाल, नेपालको चित्र हुन जरूरी छ । जसका माध्यमबाट पाठले भन्न खोजेको कुरालाई प्रष्ट पार्नमा प्रसस्त सहयोग हुने थियो । तथापी यस चित्रको माध्यमबाट पनि नेपाली राष्ट्रियताको परिचय भने प्रस्ट पारेको पाइन्छ । यस्तै धनको धमण्ड कथाको पहिलो चित्रमा गणेश र देवताहरू मध्ये सबैभन्दा धनी कुबेरको चित्र रहेको छ भने साथमा गणेशको लागि आहार स्वरूप विभिन्न पक्वान्नहरू राखिएको छ । दोस्रो चित्रमा क्रोधित गणेशले खेदाइरहेको र त्रसित कुबेर भागिरहेको दृष्य देखाइएको छ भने तेस्रो चित्रमा शिबजीसँग शरण माग्दै कुबेर बिन्ती गरिरहेका भन् भने गणेश रिसाएको मुद्रामा उभिरहेको देखाइएको छ । यसबाट यस पाठमा अमूर्त विचारलाई प्रष्ट्याउन खोजिएको छ ।

**बचत गर्ने बानी** प्रबन्धमा एउटा कार्यालययीय प्रणालीलाई देखाउँदै कुनै कार्यालयमा कस्तो प्रणालीबाट काम कारवाही भइरहेको हुन्छ भन्ने देखाएको छ । **नौलाख तारा** कवितामा रहेका पाँच चित्रहरूबाट पनि पाठको विषयवस्तुलाई छर्लङ्ग पारेको छ । यसै गरी **नीमको पात** कथामा समावेश रहेका तीनवटा चित्रहरू पनि क्रमशः बुद्धसँग अनुनय विनय गरिरहेको, विरूवा उखेलिरहेको र माफी माग्दै पुनः उक्त विरूवालाई रोप्ने प्रतिवद्धता जाहेर गर्दै गरेको आभाष हुन्छ । यस पाटमा चित्रहरू समावेश नभएको भए शायद पाठको अमूर्त विचारलाई मूर्तता प्रदान हुने थिएन कि जस्तो लाग्दछ । यस पाठमा रहेको दोस्रो चित्र शक्तिपिठका रूपमा रहेका श्री पशुपतिनाथको मन्दिर, धर्मको प्रतीककै रूपमा रहेको **बाग्मती नदी** आदिबाट पनि यस पाठलाई मूर्तता प्रदान गरेको छ । यसरी नै **बिहेको निम्तो** संवादमा

प्रविष्ट तीन चित्रहरूको अध्ययन गर्दा कुनै परिचित जस्तै देखिने व्यक्ति घरको प्रतिनीधिसँग कुरा गरिरहेका छन् भने दोस्रो चित्रमा तिर्खा मेटाउन व्यस्त देखिन्छन् भने तेस्रो तथा अन्तिम चित्रमा दुई परिचित मानिसहरू एकार्कामा कुराकानी गरिरहेका छन् । यसबाट पनि कुनै न कुनै काम विशेषले आएर गफगाफमा व्यस्त भएको कुराको पुष्टि हुन्छ ।

**पछुतो** कथामा रहेका सबै तथा छवटै चित्रहरू समाजमा देखिने सामाजिक यथार्य भित्रको बाध्यता, सामाजिक परम्परा, गरिबीले पिरोलिएको हाम्रो समाज, समाजमा बस्ने मानिसहरूको सामाजिक तथा गैर सामाजिक जिम्मेवारी आदि कुराहरूलाई देखाएको पाइन्छ । हाम्रो समाजमा राम्रो काम गर्नेलाई पुरस्कृत पनि गर्न सकिन्छ भन्ने कुरालाई समेत प्रभावकारी रूपमा चित्रको माध्यमबाट देखाउन खोजिएको पाइन्छ । यसै गरी **स्वस्थ बनौं** भन्ने पाठमा पनि स्वस्थ बच्चाका चित्र पहिलो चित्रको रूपमा रहेको छ भने बाँकी चारवटा चित्रहरू पनि स्वस्थ सम्बन्धी नै क्रियाकलापका रहेका छन्, जस्तैः ब्रस गर्नु, ऐन हेरेर कपाल कोर्नु, हातखुट्टाको नङ काट्नु, सुत्नु आदि । यी सबै क्रियाकलापको माध्यमबाट अमूर्त विचारहरूलाई मूर्तता प्रदान गर्न खोजिएको आभाष हुन्छ । **आमा** कवितामा रहेको एउटा मात्र चित्र भए तापनि यसका आमामा रहेको मातृत्वको भावना तथा आमासँग रहेको बच्चाले पाएको मातृबात्सल्यतालाई कवितामा बयान गर्न आवश्यक देखिदैन किनकी चित्रले आफै यी कुराहरूलाई पुष्टि गरिरहेको छ ।

**बजा लौरी डाङडुङ** कथामा रहेका तीनवटा चित्रहरूको प्रसङ्ग जादुगरी जस्ता देखिएको छ । यी चित्रहरू पहिलोमा **खिरपाक ताउली**, दोस्रोमा सुनबड्कौली बाखी र तेस्रा चित्रमा **बजा लौरी डाङडुङ** जस्ता चित्रहरू समावेश भएकोले पनि यस पाठमा समाविष्ट चित्रहरू जादुगरी जस्ता चित्रको कोटीमा रहेका देखिन्छन् । यसरी नै **नरेशको यात्रा** प्रबन्धमा रहेका चार चित्रहरूले पनि पाठको सापेक्षतामा रहेर अमूर्त विचारलाई शब्दचित्र मार्फत छर्लङ्ग पारेको छ । **पशुपन्छी र हाम्रो कर्तव्य** संवादमा प्रविष्ट एकमात्र चित्रले पनि पशुपन्छी माथिको मानवीय भावनालाई प्रष्ट्याउन खोजेको पाइन्छ । मानव जाति हिंस्रक होइन रक्षक हुनु पर्दछ भन्ने कुराको सन्देश यस पाठमा रहेको चित्रबाट पाउन सकिन्छ । पाप पाग्छ कवितामा रहेको चित्रबाट प्रकृति र जीवजन्तुबीचको सम्बन्धलाई देखाइएको छ । चरा, पुतली र बगैंचा वा फूलवारी यी एक आपसमा आश्रित छन् । यी सबैको संरक्षण गर्ने कर्तव्य हामी मानव जातिको हो भन्ने अमूर्त विचारलाई यस पाठको चित्रको माध्यमबाट समावेश गरिएको छ ।

**पछुतो** कथामा रहेका चित्रहरूलाई विश्लेषण गर्दा धनपति बाजे गजक्क परेर खाटमा बसेका छन् भने मसिने नजिकै उभिएर अनुनय विनय गरिरहेको छ, भने दोस्रो चित्रमा विरामले थलिएका धनपतिका वरिपरि आफन्त, डाक्टर र शुभचिन्तकहरू रहेका छन् । तेस्रो चित्रमा लामो समय थलिएपछि उठेका धनपति बाजे मसिनेको घरमा पुगेर माफी तथा कृतज्ञता व्यक्त गर्दै हातमा मसिनेको नानीलाई ल्याइदिएको भोटो दिदै गरेको चित्र प्रस्तुत गरिएको छ । यसमा भावनाको प्रतिनिधित्व गरेको छ चित्रले । वास्तवमा यस यी चित्रहरूले पनि अमूर्त विचारलाई प्रस्तुत गरेको महसुस हुन्छ । **बालबालिकाको अधिकार** प्रबन्धमा रहेका दुई चित्रहरू पनि आफै बोलिरहेका छन् । यसमा रहेका चित्रहरूमा बालअधिकारका भावनाहरू चित्र मार्फत प्रस्फुटन भइरहेका छन् । यसरी नै **लक्ष्य** कवितामा रहेको एउटा मात्र चित्र लाक्षणिक अर्थ लग्ने चित्र भए तापनि पाठको शीर्षकलाई मूर्तता प्रदान गरेको छ । सत्यकामको अठोट रहेका चारवटा चित्रहरू आकार, स्पष्टता, संख्यात्मक हिसाबमा जे जस्ता भए तापनि यी चित्रहरूमा आ-आफ्नै किसिमको सन्दर्भ रहेको पाइन्छ । समय र परिस्थिति अनुसार कुनै कुरा पूरा नभए तापनि समयले एकदिन अवश्य पनि लक्ष्यमा पुग्न सहयोग पुऱ्याउने छ भन्ने कुराको सन्दर्भ यस कथाका चित्रले खुलाएको पाइन्छ । अन्तिम तथा २१औं पाठमा रहेको चारवटा चित्रहरूमा क्रमशः पहिलो चित्रमा चराले चिठ्ठी चुच्चोमा बोकेर उडेको, दोस्रो चित्रमा कम्प्यूटर जस्ता आधुनिक प्रविधि सहित बालबालिकाहरू, तेस्रो चित्रमा टेलिभिजन हेरिरहेका केही बालबालिकाहरू र अन्तिम चित्रमा एक बच्चीले टेलिफोन गरिरहेको देखाइएको छ । यसमा प्रचिनदेखि आधुनिक कालसम्मका सञ्चारका साधनहरू प्रयोग गरिएको छ । यसमा रहेका चित्रहरू पनि अमूर्त विचारलाई बुझाउन सहायक सिद्ध भएको पाइन्छ ।

### ४.५.२.३ स्व-सिकाइलाई प्रवर्धन गर्ने :

पाठ्यपुस्तकमा प्रयोग गरिने चित्रहरूले विद्यार्थी स्वयम्लाई नै आफैं पढ्नु पर्छ, सिक्नु पर्छ, यो मेरै लागि हो भन्ने र उनीहरूमा रूचि जगाउने खालका हुनुपर्दछ । पुस्तकका चित्र हेर्नासाथ विषयवस्तु पढौं पढौं लागोस् र सिक्न प्रेरणा प्रदान गरोस् । यस्ता किसिमका चित्र छनोटमा पाठ्यपुस्तक निर्माता विशेष चनाखो हुनुपर्दछ । यस आधारमा **गाउँछ गीत नेपाली** कविता सान्दर्भिक देखिन्छ । यसमा रहेको नेपालको राष्ट्रिय झण्डालाई दुई बालबालिकाले लिएर हिँडिरहेका छन् । यस चित्रमा हामीमा सनैदेखि नेपाल र नेपालको राष्ट्रियताप्रतिको भावना हुनु पर्दछ भन्ने कुराको सन्देश दिन खोजिएको छ । **धनको घमण्ड** कथामा रहेको कथाको पहिलो चित्रमा गणेश र देवताहरूमध्ये सबैभन्दा धनी कुबेरको चित्र रहेको छ भने साथमा गणेशको लागि आहार स्वरूप विभिन्न पक्वान्नहरू राखिएका छन् । दोस्रो चित्रमा

क्रोधित गणेशले खेदाइरहेको र त्रसित कुबेर भागिरहेको दृष्य देखाइएको छ भने तेस्रो चित्रमा शिबजीसँग सरण माग्दै कुबेर बिन्ती गरिरहेका भन् भने गणेश रिसाएको मुद्रामा उभिरहेको देखाइएको छ । यसबाट कसैले पनि **धनको घमण्ड** नदेखाउनु, घमण्डले कसैलाई पनि राम्रो गर्दैन किनकी कुबेरको त धन सम्पत्तीको कुनै महफ्व भएन भने अरूको त के कुराको स्व-सिकाइलाई प्रवर्धन गरेको छ ।

**बचत गर्ने बानी** प्रबन्धमा एउटा कार्यालय संचालन प्रणालीलाई देखाउँदै कुनै कार्यलयमा कस्तो प्रणालीबाट चलेको हुन्छ भन्ने देखाएको छ । यसमा कुनै कार्यलयका सबै फाँटहरूमा आ-आफ्नो काममा तल्लिन कर्मचारीहरूको दायिफ्व, जिम्मेवारी र कर्तव्यका कुरालाई पनि प्रष्ट्याउन खोजिएको छ । **नौलाख तारा** कवितामा पनि विभिन्न चित्रहरूको प्रयोग गरिएको छ । यसमा आकासमा देखिने तारा, हिमाल, झरना, नेपालको राष्ट्रिय फूल लालिगुराँस र सूर्योदयलाई चित्रको माध्यमबाट देखाइएको छ । यी चित्रहरूको माध्यमबाट बालबालिकाहरू आफैँले यस विषयमा सक्षम हुनेछन्, उनीहरू आफैँ यी चित्रहरूलाई बुझ्नेछन् । **नीमको पात** कथामा प्रविष्ट तीन चित्रहरू पनि नेपालका ज्ञानका भण्डार मानिने गौतम बुद्धसँग राजाले आफ्नो राजकुमारको बानी व्यहोराका विषयमा अनुनय विनय गर्दै गरेकोदेखि उद्दण्डताको पराकाष्टामा पुगेर बिरूवा उखेल्दै गरेको हुँदै उपदेश सुनेपछि आफ्नो व्यवहारप्रति प्रायश्चित गर्दै माफी माग्दै हात जोडेर घुडा टेकेर बिन्ती गरेका चित्रहरू समावेश गरिएको छ । यी चित्रहरू आफैँमा पूर्ण जस्तै देखिन्छन् । किनकी चित्र आफैँ बोल्दछ । यसबाट विद्यार्थीहरूले चित्रको माध्यमबाट पाठमा भन्न खोजिएको कुरा आफैं बुझ्न सक्दछन् । यसै गरी **बाग्मती नदी**का तीनवटा चित्रहरू मध्ये पहिलो चित्र छोडेर दोस्रो र तेस्रो चित्रहरू पनि स्व-सिकाइलाई प्रवर्धन गर्ने खालका रहेका छन् । पहिलो चित्रमा त्यति मात्रामा स्व-सिकाइ सार्थकता नभए तापनि बाँकी दुई चित्रहरू अब्बल रहेको छन् ।

**बिहेको निम्तो** संवादमा रहेका तीनवटा चित्रहरूमा आफ्नो घरमा आएका पाहुनालाई कस्तो व्यवहार गर्नु पर्दछ, के कस्तो सत्कार गर्नु पर्दछ भन्ने कुराको उद्गार यी तीनवटा चित्रहरूबाट प्राप्त भएको छ । **पछुतो** कथामा रहेका सबै तथा छवटै चित्रहरू समाजमा देखिने सामाजिक यथार्य भित्रको बाध्यता, सामाजिक परम्परा, गरिबीले पिरोलिएको हाम्रो समाज, समाजमा बस्ने मानिसहरूको सामाजिक तथा गैर सामाजिक जिम्मेवारी आदि कुराहरूलाई देखाएको पाइन्छ । हाम्रो समाजमा राम्रो काम गर्नेलाई पुरस्कृत पनि गर्न सकिन्छ भन्ने कुरालाई दाजुभाइको इमान्दारिता र बूढाबाको उनीहरूप्रतिको दायित्व प्रभावकारी रूपमा चित्रको माध्यमबाट देखाउन खोजिएको पाइन्छ । यी चित्रहरू पनि स्व-सिकाइका दृष्टिले अत्यन्त प्रवल रहेका छन् । **पछुतो** प्रबन्धमा रहेका चित्रहरू पनि स्व-

सिकाइको दृष्टिले अत्यन्त प्रवल रहेका छन् । यस पाठमा रहेका चित्रहरूको हेर्दा मात्र पनि पाठले भन्न खोजेको कुरालाई छर्लङ्ग पारेको छ ।

**आमा** कवितामा रहेको एउटै मात्र चित्र पाठको लागि पर्याप्त रहेको छ । आमाले बच्चालाई छातीमा च्यापेर आफ्नो बात्सल्यतामा राखेको तथा आमाको छातीमा निसङ्कोच अनि निडर बच्चाको चित्रलाई हेर्दा स्व-सिकाइका दृष्टिले उपयुक्त देखिन्छ । **बजा लौरी डाङडुङ** कथामा रहेका तीनवटा चित्रहरू चमत्कारिक किसिमका भए तापनि सार्थक तथा स्व-सिकाइमा सहयोग पुऱ्याउने किसिमका रहेका छन् । यसरी नै **नरेशको यात्रा** प्रबन्धमा रहेका चार चित्रहरू पनि यात्रा प्रबन्धको हैसियतले चारवटै चित्रहरू ज्ञानवर्धक तथा स्व-सिकाइमा टेवा पुऱ्याउने खालका रहेका छन् । यसका काठमाण्डौं नयाँ बसपार्कबाट सुरू भएको यात्रा बसमा रमाइलो गर्दै चौतारा पुगेर कुनै पहाडी बाटामा पैदल हिँड्दै गरेका चित्रहरू यसमा समावेश गरिएका छन् । **पशुपन्छी र हाम्रो कर्तव्य** संवादमा राखिएको एउटा मात्र चित्रबाटै के बुझ्न सकिन्छ भने हामीमा पनि कोही रक्षक छौं भने कोही भक्षक पनि । यस चित्रमा राजु चरालाई मार्न गुलेली ताकिरहेको छ भने बटुवा उक्त चरालाई बचाउन उढाइरहेको छ ।

**पाप लाग्छ** कवितामा एउटा चित्र पर्यावरण सम्बन्धी चित्रको प्रतिनिधिको रूपमा रहेको छ । उक्त चित्रले पनि स्व-सिकाइलाई प्रवर्धन गरिरहेको छ । उक्त चित्रमा फूलवारी, पुतली र चरालाई देखाइएको छ । **पछुतो** कथामा रहेका चित्रहरूलाई विश्लेषण गर्दा धनपति बाजे आफ्नो दब्मसाथ खाटमा बसेका छन् भने मसिने नजिकै उभिएर केही अनुरोध गरिरहेको छ, दोस्रो चित्रमा विरामी परेका धनपतिका वरिपरि आफन्त, डाक्टर र शुभचिन्तकहरू रहेका छन् भने तेस्रो चित्रमा लामो समय थलिए पछि उठेका धनपति बाजे मसिनेको घरमा बसेर पश्चाताप गरिरहेको चित्रमा देखाइएको छ । यी सबै चित्रहरूलाई स्व-सिकाइका आँखाले हेर्दा अब्बल छन् । **बालबालिकाको अधिकार** प्रबन्ध र **लक्ष्य** कवितालाई पनि स्व-सिकाइलाई प्रवर्धन गर्ने चित्रको कोटीमा राख्न सकिन्छ । यसै गरी सत्यकामको अठोट कथामा रहेका चार चित्रहरू स्व-सिकाइ प्रवर्धन गर्नमा सबल रहेका छन् । पहिलो चित्रमा एउटा निरिह बालक एउटा पोको बोकेर शिक्षाको लागि अनुनय विनय गरिरहेको छ । दोस्रो चित्रमा ऋषि तथा उनका भक्तजनहरूले उक्त बालकको धज्जी उढाइरहेको तथा तेस्रो चित्रमा आमाले सान्त्वना दिँदै गरेको र चौथो चित्रमा एक विद्वान आफ्नो कृति लेखनमा तल्लीन रहेको देखाइएको छ भने अन्तिम पाठ **आधुनिक** सञ्चारमा समाविष्ट चार चित्रहरू पनि आ-आफ्नै भूमिकामा अब्बल रहेका छन् । प्राचीनदेखि आधुनिकसम्म आइपुग्दाका

चित्रहरू पनि आफैं पाठको भावना बोलिरहेका छन् । यस पुस्तकमा समाविष्ट चित्रहरूमध्ये अधिकांश चित्रहरू स्व-सिकाइलाई प्रवर्धन गर्ने किसिमका रहेका छन् ।

### ४.५.२.४ सिर्जनात्मक विचारलाई जगाउने

पाठ्यपुस्तकमा प्रयुक्त चित्र विद्यार्थीहरूमा सिर्जनात्मक विचारलाई जगाउने खालका हुनुपर्दछ । विद्यार्थीमा चित्रकै माध्यमबाट रचनात्मक क्षमताको विकास गर्न सक्ने किसिमको हुनुपर्दछ । केही कुरा देखेर नयाँ कुराको विकास गर्नु नै सिर्जना हो । यस आधारमा **गाउँछ गीत नेपाली** कविताको चित्र सिर्जनात्मक क्षमता विकास गर्न सहयोग पुऱ्याउने किसिमको छ । राष्ट्रका कर्मठ दुई बालबालिकाले नेपालको राष्ट्रिय झण्डा अर्थात् देशको गौरव हातमा लिएका छन् । यस चित्रको माध्यमबाट बालबालिकाहरूमा नेपालको राष्ट्रियताप्रतिको भावना जागृत हुन्छ । यस्तै **धनको घमण्ड**का तीन चित्रहरू पनि सिर्जनात्मक विचारलाई जगाउने किसिमका रहेका छन् । यस पाठको पहिलो चित्रमा विभिन्न खाद्यान्न परिकार राखिएको छ र गणेश आहारमा व्यस्त देखिन्छन् । यसरी नै दोस्रो चित्रमा पेटभर खाना खान नपाएर कुबेरलाई गणेशले लखेटेको चित्र छ भने तेस्रो चित्रमा शङ्करले कुबेरको बिन्तीलाई स्वीकार्दै गणेशलाई सम्झाउँदै गरेको देखाइएको छ । यसबाट के कुरा देखिन्छ भने **धनको घमण्ड** गर्ने कुबेर जस्ता धनाड्यले पनि कुनै बेला झुक्नु पर्दोरहेछ, धन नै सबै थोक होइन भन्ने कुराको शिक्षा पनि यस पाठमा समाविष्ट चित्रहरूबाट पाउन सकिन्छ ।

**बचत गर्ने बानी** प्रबन्धको चित्र स्पष्टता र आकारका दृष्टिले जे जस्तो भए तापनि कार्यालयको संचालन प्रणालीको विषयमा जानकारी  गराउन खोजिएको देखिन्छ । बैंकमा के कस्तो फाँट, कक्ष, जिम्मेवारी जस्ता कुराहरू हुन्छन् । यसबाट हामीले पनि आफ्नो सम्पत्तीको सुरक्षाका लागि बैंकमा जम्मा गर्नु पर्ने रहेछ भन्ने कुराको ज्ञान हासिन गर्न सकिन्छ । यसै गरी **नौलाख तारा** कविताका चित्रहरूले प्रकृतिप्रेमी विद्यार्थीहरूको सिर्जनात्मक विचारलाई जगाउने खालका छन् । आकास अथवा तारा, हिमाल, झरना, लालीगुराँस र सूर्योदय जस्ता कुराबाट विद्यार्थीहरूले प्रकृति सम्बन्धी विभिन्न ज्ञान हासिल गर्न सकिन्छ । **नीमको पात** कथाका तीन चित्रहरू पनि ज्ञानवर्धक तथा सिर्जनात्मक रहेका छन् । राजकुमारको बानी-व्यहोरादेखि हैरान राजा बुद्धसँग सुधारका लागि बिन्ती गरिरहेका छन् । यस्तै दोस्रो चित्रमा आफ्नो उपद्रव देखाइरहेका राजकुमार र बुद्ध रहेका छन् भने तेस्रो चित्रमा प्रायश्चित स्वरूप **पछुतो** मान्दै माफी माग्दै गरेका राजकुमार र आशिर्वाद दिदैं गरेका बुद्ध लाई देखाइएको छ । यसबाट कुनै पनि मान्छे ज्ञानको अभावमा फटाहा भए तापनि सज्जनको सङ्गतमा परे भने पक्के पनि असल बन्न सक्छन् भन्ने कुराको ज्ञान हासिल गर्न सकिन्छ ।

**बाग्मती नदी**को पहिलो चित्र सार्थक र ज्ञानबर्धक नभए तापनि दोस्रो र तेस्रो चित्र भने धार्मिक तिर्थस्थलको चित्रले बालबालिकाहरूको धार्मिक विचारमा अभिबृद्धि गर्न सक्नेछन् । **बिहेको निम्तो** संवादका तीनवटै चित्रहरूले सामाजिक परिवेशलाई दर्शाएको छ । यस पाठमा समाविष्ट चित्रहरूको माध्यमबाट समाजमा हुने रीतिरिवाज, परम्परा, सामाजिक परिवेश, छरछिमेकप्रतिको दायित्व आदि कुरालाई औंल्याइएको छ । **पछुतो** कथामा रहेका सबै तथा छवटै चित्रहरू समाजमा देखिने सामाजिक यथार्य भित्रको बाध्यता, सामाजिक परम्परा, गरिबीले पिरोलिएको हाम्रो समाज, समाजमा बस्ने मानिसहरूको सामाजिक तथा गैर-सामाजिक जिम्मेवारी आदि कुराहरूलाई देखाएको पाइन्छ । हाम्रो समाजमा राम्रो काम गर्नेलाई पुरस्कृत पनि गर्न सकिन्छ भन्ने कुरालाई दाजुभाइको इमान्दारिता र बूढाबाको उनीहरूप्रतिको दायित्व प्रभावकारी रूपमा चित्रको माध्यमबाट देखाउन खोजिएको पाइन्छ । यसबाट कुनै पनि गरिब र असहायको सेवा गर्नु पर्दछ, ईमान्दारिताको कदर गर्नु पर्दछ, काम सानो र ठूलो हुदैन जेजस्तो काम पाएपनि गर्नु पर्दछ र मान्छेलाई अवसर प्रदान गर्न सक्यो भने उसले जे पनि गर्नसक्दछ भन्ने कुराको ज्ञान यस पाठमा प्रविष्ट चित्रहरूको माध्यमबाट प्राप्त गर्न सकिन्छ ।

**स्वस्थ बनौं** प्रबन्धका  चित्रहरू पनि विद्यार्थीमा सिर्जनात्मक विचार उत्पन्न गर्नमा सहायक छन् । एउटा स्वस्थ बालक हेर्दैमा कति राम्रो देखिन्छ । राम्रो मान्छेलाई सबैले माया गर्दछन् । साथै स्वस्थ बन्नका लागि के के क्रियाकलापहरू गर्नु पर्देरहेछ भन्ने कुराको समेत चित्रका माध्यमबाट विद्यार्थीहरू सहजै बुझ्न सक्दछन् । **आमा** कवितामा देखाइएको चित्रबाट कुनै पनि मान्छेमा त्यसमा पनि बालबालिकामा हामीलाई कति माया ममता दिएर आमाले हुर्काउनु भएको रहेछ । हामी त्यसै ठूला भएका होइन रहेछौं भन्ने कुराको ज्ञानको प्रतिमूर्तिको रूपमा उक्त चित्रलाई लिन सकिन्छ । **बजा लौरी डाङडुङ** कथामा रहेका तीनवटा चित्रहरू चमत्कारिक किसिमका भए तापनि सार्थक छन् । कसैले आफ्नो कमी कमजोरी छोप्न गरेका क्रियाकलापहरूदेखि अर्कालाई ढाँट्ने मान्छेले अवश्य पनि सजायको भोगी हुनु पर्दछ भन्ने शिक्षा दिन खोजिएको छ । **नरेशको यात्रा** प्रबन्धमा रहेका चार चित्रहरू ज्ञानवर्धक तथा सिर्जनात्मक किसिमका रहेका छन् । यसमा नेपालका विभिन्न ठाउँको परिचय दिंदै भौगोलिक धरातललाई पनि देखाउन खोजिएको छ । यात्रा गर्ने मान्छेले के के कुराको ख्याल गर्नु पर्दछ, यात्राको तयारी कसरी गर्नु पर्दछ जस्ता कुराहरूलाई चित्र माध्यमबाट प्रष्ट्याउन खोजिएको छ ।

**पशुपन्छी र हाम्रो कर्तव्य** संवादमा राखिएको एउटा मात्र चित्रबाटै के बुझ्न सकिन्छ भने हामीमा पनि कोही रक्षक छौं त कोही भक्षक । यस चित्रमा राजु चरालाई मार्न

खोजिरहेको छ भने बटुवा उक्त चरालाई बचाइरहेको छ । यस्तै **पाप लाग्छ** कविताको चित्र वातावरण सम्बन्धी चित्रको प्रतिनिधिको रूपमा रहेको छ । उक्त चित्रले पनि सिर्जनात्मकतालाई प्रवर्धन गरिरहेको छ । उक्त चित्रमा फूलवारी, पुतली र चरालाई देखाइएको छ । **पछुतो** कथामा रहेका चित्रहरूलाई विश्लेषण गर्दा धनपति बाजे आफ्नो दब्मसाथ खाटमा बसेका छन् भने मसिने नजिकै उभिएर केही अनुरोध गरिरहेको छ, दोस्रो चित्रमा विरामी परेका धनपतिका वरिपरि आफन्त, डाक्टर र शुभचिन्तकहरू रहेका छन् भने तेस्रो चित्रमा लामो समय थलिए पछि उठेका धनपति बाजे मसिनेको घरमा बसेर पश्चाताप गरिरहेको चित्रमा देखाइएको छ । यी सबै चित्रहरूलाई हेर्दा कसैले पनि आफूलाई सर्बगुण सम्पन्न छु भन्नु मूर्खता हो भन्ने कुराको ज्ञान दिन खोजिएको छ । **बालबालिकाको अधिकार** प्रबन्ध र **लक्ष्य** कवितालाई पनि सिर्जनात्मक विचारलाई प्रवर्धन गर्ने चित्रको रूपमा राख्न सकिन्छ । यसै गरी सत्यकामको अठोट कथामा रहेका चारचित्रहरूमा निरिह बालक शिक्षाको खोजीमा अनुनय विनय गरिरहेको छ । दोस्रो चित्रमा ऋषि तथा उनका भक्तजनहरूले उक्त बालको धज्जी उढाइरहेको तथा तेस्रो चित्रमा आमाले सान्त्वना दिँदै गरेको र चौथो चित्रमा एक विद्वान आफ्नो कृति लेखनमा तल्लीन रहेको देखाइएको छ भने अन्तिम पाठ **आधुनिक** सञ्चारमा समाविष्ट चार चित्रहरू पनि आ-आफ्नै भूमिकामा अब्बल रहेका छन् । प्राचीनदेखि आधुनिकसम्म आइपुग्दाका चित्रहरूले पनि आफै पाठको भावना बोलिरहेका छन् । अन्त्यमा यस पुस्तकमा समाविष्ट चित्रहरू मध्ये अधिकांश चित्रहरू सिर्जनात्मक विचारलाई प्रवर्धन गर्ने किसिमका रहेका छन् ।

### ४.५.२.५ बहुसङ्ख्यक विद्यार्थीको बौद्धिक क्षमता सुहाउँदो

पाठ्यपुस्तकमा प्रयुक्त चित्रहरू बहुसङ्ख्यक विद्यार्थीहरूका बौद्धिक क्षमता सुहाउँदो हुनुपर्दछ । चित्रका माध्यमबाट बताउन खोजेको कुरा बहुसङ्ख्यक विद्यार्थीले बुझ्नु पर्दछ । पाठको आशय तथा सन्देशलाई विद्यार्थीहरूले भेउ पाउन सकेनन् भने त्यो चित्रको अर्थ रहँदैन । यहाँ राखिएका चित्रहरूमध्ये पनि बहुसङ्ख्यक चित्रहरू विद्यार्थीको स्तर तथा बौद्धिक क्षमता सुहाउँदा छन् । कविता अन्तर्गत **गाउँछ गीत नेपाली**, **नौलाख तारा**, **आमा**, **पाप लाग्छ** र लक्ष्य जस्ता कविताहरू यस पुस्तकमा राखिएका छन् । यी मध्ये **गाउँछ गीत नेपाली**, **आमा**, **पाप लाग्छ**, **पछुतो** जस्ता कवितामा प्रयुक्त चित्रहरू विद्यार्थीहरूको बौद्धिक क्षमता सुहाउँदा छन् भने **लक्ष्य** कविता ज्ञानबर्धक रहेको छ । समग्रमा पाँचवटै कवितामा रहेका चित्र तथा त्यसका आशय बहुसङ्ख्यक विद्यार्थीहरूको बौद्धिक क्षमता सुहाउँदो देखिन्छन् । यी पाँच पाठमा समाविष्ट नौवटा चित्रहरू सबै नै विद्यार्थीवर्गको लागि बौद्धिक क्षमता सुदाउँदो किसिमका रहेका छन् । यसरी नै कथा अन्तर्गत **धनको घमण्ड**, **नीमको**

**पात**, **पछुतो**, **बजा लौरी डाङडुङ**, **पछुतो** र सत्यकामको अठोट पाठहरूमा राखिएका चित्रहरू बहुसङ्ख्यक विद्यार्थीहरूको बौद्धिक क्षमता सुहाउँदा नै छन् । झट्ट हेर्दा नै यी चित्रहरूले बताउन खोजेको सन्देश तथा भाव विद्यार्थीहरूले सहजै अनुमान लगाउन सक्ने खालका छन् । **धनको घमण्ड** पाठको पहिलो चित्र, **नीमको पात**को दोस्रो चित्र, **पछुतो**को दोस्रो चित्र, सत्यकामको पहिलो चित्र भने अरू चित्रहरूको अनुपातमा त्यति बौद्धिक क्षमता सुहाँउदो जस्तो लाग्दैन । तथापी यस पुस्तकका छवटा पाठहरूमा समाविष्ट बाइसवटा चित्रहरू मध्ये अधिकांश चित्रहरूले पाठले भन्न खोजेको कुरा छर्लङ्ग पार्नुका साथै बहुसङ्ख्यक विद्यार्थीको बौद्धिक क्षमता सुहाउँदो रहेका छन् ।

बहुसङ्ख्यक विद्यार्थीको बौद्धिक क्षमता सुहाउँदा चित्रहरूको अध्ययन गर्ने क्रममा प्रबन्ध अन्तर्गत **बचत गर्ने बानी**, **बाग्मती नदी**, **पछुतो**, **नरेशको यात्रा**, **बालबालिकाको अधिकार** र **आधुनिक** सञ्चार प्रबन्धहरू रहेका छन् । यी प्रबन्धहरू मध्ये **बचत गर्ने बानी**को एउटै चित्र, **नरेशको यात्रा**को पहिलो चित्र, **बाग्मती नदी**को पहिलो चित्र, **आधुनिक** सञ्चारको पहिलो चित्र र तेस्रो चित्रले भने पाठमा भन्न खोजिएको कुरा, पाठको आशय र सन्देशलाई त्यति प्रभावित गर्न सकेको छैन भने बाँकी सबै चित्रहरू बहुसङ्ख्यक विद्यार्थीको बौद्धिक क्षमता सुहाउँदो किसिमका रहेका छन् । कक्षा चारको मेरो नेपाली किताबमा छवटा प्रबन्धहरूमा रहेका अठारवटा चित्रहरूमध्ये अधिकांश चित्रहरू विषयवस्तु विना नै पाठको आसय बुझिने किसिमका रहेका छन् भने **बाग्मती नदी**को पहिलो चित्र, **आधुनिक** सञ्चारको तेस्रो चित्रले भने पाठको विषयवस्तुलाई त्यति सहज रूपमा डोऱ्याउन सकेको छैन ।

विधागत रूपमा अध्ययन गर्ने क्रममा संवाद अन्तर्गत **बिहेको निम्तो**, **पशुपन्छी र हाम्रो कर्तव्य**को अध्ययन गर्दा यी दुई पाठमा प्रयुक्त चारवटा चित्रहरूमा आकार र स्पष्टताका आधारमा जे जस्ता भए तापनि बहुसङ्ख्यक विद्यार्थीको बौद्धिक क्षमता सुहाउँदो दृष्टिकोणबाट हेर्दा अब्बल नै देखिन्छन् । त्यसमा पनि **बिहेको निम्तो** संवादमा रहेका चित्रहरूले त सामाजिक अथार्थतालाई समेत समेटेको पाइन्छ भने **पशुपन्छी र हाम्रो कर्तव्य**मा रहेको एउटै मात्र चित्रले पनि मानव र मानवेत्तरका बीचमा मानवीय सम्बन्ध रहनु पर्दछ । पशुपन्छीका लागि दया-माया गर्ने मानव बाहेक अरू केही पनि छैन भन्ने कुराको सन्देश पनि दिन खोजेको पाइन्छ । जे होस् यस पुस्तकमा रहेका बहुसङ्ख्यक चित्रहरू बहुसङ्ख्यक विद्यार्थीहरूको बौद्धिक क्षमता सुहाउँदा खालका छन् ।

### ४.५.२.६ भौगोलिक, साँस्कृतिक, लैङ्गिक र जातिगत सङ्गति

पाठ्यपुस्तकमा प्रयोग गरिएका चित्रहरू साँस्कृतिक र भौगोलिक पूर्वाग्रहबाट मुक्त हुनुपर्दछ । समाजमा विभिन्न जातजाति, भाषा तथा धर्म संस्कृति अनुसारका भिन्न संस्कार तथा परम्परा रहेका हुन्छन् । उक्त भिन्नता तथा विविधतालाई पक्षपात हुने गरी वा कसैलाई प्रोत्साहन हुने र कसैको आलोचना गर्ने दृष्टिले चित्रहरूको प्रयोग गरिनु हुँदैन । विभिन्न धर्मावलम्बीहरूका चाडपर्वहरू मनाउने तरिकाहरूमा विविधता हुन्छ । जन्म, मृत्यु तथा विवाहका संस्कारहरूमा विविधता हुन्छ । ब्राह्मण, क्षत्री, मगर, नेवार, राई, लिम्बु, आदि जातिगत पृथकता अनुसार संस्कृति तथा संस्कारमा विविधता हुनु स्वाभाविकै हो । यी विविधतामा एकता रहेको नेपालका पाठ्यपुस्तकमा प्रयोगमा ल्याइएका चित्रमा कसैलाई उत्साहित र कसैलाई हतोत्साहित हुने गरी चित्रको संयोजन गरिनु हुँदैन । यसको मतलब कुनै धर्मलाई लिएर तुलनात्मक रूपमा राम्रो र नराम्रो भनी भनिनु र सोही अनुसारका चित्रहरू यसमा संयोजन गरिनु हुँदैन । यस आधारमा यस पाठ्यपुस्तकमा प्रयोग गरिएका चित्रहरू स्तरीय छन् ।

यस पाठ्यपुस्तकमा धार्मिक विविधता र भौगालिक विविधतालाई पक्षपात हुनेगरी चित्रहरू राखिएका छैनन् । भौगोलिक तथा धर्म संस्कृतिलाई प्रतिनिधि गर्ने गरी **बाग्मती नदी** प्रबन्धका चित्र राखिएको छन् । बहुसङ्ख्यक हिन्दु धर्मालम्बी भएको हुनाले मन्दिरको चित्र राखिएको हो । सबै धर्मालम्बीहरूका मठ मन्दिरहरू राखिएको भए अझ पक्षपात तथा पूर्वाग्रह विहीन हुने थियो । तर पनि सबै धर्मका मठमन्दिर तथा चैत्य, गुम्बा, तथा मस्जिदहरूका चित्रहरू एउटै पाठ्यपुस्तकमा समावेश गर्न असम्भव हुन्छ । यस्तै हिमाल, पहाड तथा तराई जस्ता भौगोलिक विविधता भएको राष्ट्रको पठन पाठन हुने पाठ्यपुस्तकमा भौगोलिक पूर्वाग्रहको रङ देखिदैन । सरसर्ती हेर्दा यस पाठ्यपुस्तकमा सांस्कृतिक तथा भौगोलिक पूर्वाग्रहबाट मुक्त रहेको देखिन्छ ।

लिङ्गका हिसाबले मानिसलाई महिला र पुरूष गरी दुईवर्गमा बाँड्न सकिन्छ । यही लिङ्गलाई पक्षपात वा पूर्वाग्रहपूर्वक चित्रमा संयोजन गर्नु हुँदैन । पुरूषहरूको चित्र बढी राख्ने, महिलाहरूको चित्र कम राख्ने, कतै पुरूष नै पुरूष र कतै महिला नै महिला राख्ने तथा महिलालाई सामान्य काम गरेको देखाउनु र कठिन तथा बहादुरी काम पुरूषले मात्र गरेको देखाइनु पनि लैङ्गिक पक्षपातको उदाहरण हो । यस पाठ्यपुस्तकमा लैङ्गिक पूर्वाग्रह वा पक्षपातको रङ केही मात्रमा भए पनि देख्न पाइन्छ । यस पुस्तकमा एक्काइस पाठहरूमध्ये बीसबटा पाठहरूमा जम्मा ४७ वटा चित्रहरू राखिएका छन् । जसमा करिब ८० प्रतिशत

पुरूष तथा करिव २० प्रतिशत महिला र नौवटा मानवेत्तर चित्रहरू राखिएका छन् । ४७ वटा चित्रहरू भित्र पनि महिला र पुरूषका चित्रहरू कसरी प्रस्तुत गरिएको छ भनेर हेर्दा यहाँ लैङ्गिक पक्षपात रहेको देखिन्छ । ३८ वटा मानवीय चित्रहरूमध्ये **आमा** कविताको एउटा र **आधुनिक** सञ्चारको एउटा गरी जम्मा दुईवटा महिला मात्रको चित्र राखिनुले आधाभन्दा बढी जनसंख्या भएको देशमा पठन-पाठनमा ल्याइएको पाठ्यपुस्तकमा यस्तो पक्षपात हुनु लिङ्गगत पूर्वाग्रहको लक्षण हो भन्न सकिन्छ ।

यस पाठ्यपुस्तकमा राखिएका कविता अन्तर्गत **गाउँछ गीत नेपाली**, **पछुतो**, **आमा**, **पाप लाग्छ** र **लक्ष्य** जस्ता कविताहरूमा महिला दुईजना, पुरूषका तीनजना र मानवेत्तर छवटा चित्रहरू राखिएका छन् । यसैगरी कथा अन्तर्गत **धनको घमण्ड**, **नीमको पात**, **पछुतो**, **बजा लौरी डाङडुङ**, **पछुतो** र सत्यकामको अठोट पाठहरूको अध्ययन गर्दा महिलाको सङ्ख्या ५ जना र पुरूषको सङ्ख्या ५५ जना रहेकोले पनि स्पष्ट रूपमा भन्न सकिन्छ पाठ्यपुस्तक निर्माणमा पूर्वाग्रह अवश्यक पनि भएको हो । विधागत रूपमा अध्ययन गर्दा प्रबन्ध अन्तर्गत **बचत गर्ने बानी**, **बाग्मती नदी**, **पछुतो**, **नरेशको यात्रा**, **बालबालिकाको अधिकार** र **आधुनिक** सञ्चारमा महिलाको संख्याभन्दा पुरूषको संख्या डब्बल भएको पाइन्छ भने संवाद अन्तर्गत **बिहेको निम्तो**, **पशुपन्छी र हाम्रो कर्तव्य**को अध्ययन गर्दा **बिहेको निम्तो**मा महिला दुईजना र पुरूषको सङ्ख्या चारजना रहेको तथा **पशुपन्छी र हाम्रो कर्तव्य** पाठमा रहेको एउटा चित्रमा पनि दुईजना पुरूष मात्र रहेको पाइन्छ । यी माथिका केही उदाहरणहरूले कक्षा ४ को **मेरो नेपाली किताब** लैङ्गिक पक्षपातका हिसाबले मुक्त रहन सकेको देखिदैन ।

### ४.५.२.७ नैतिक मूल्य र आदर्श

हरेक देशमा आ-आफ्नै नैतिक मूल्य र नीतिनियमहरू रहेका हुन्छन् । ती नीतिनियमहरूलाई बेवास्ता हुने गरी चित्रहरूको प्रयोग गरिनु हुँदैन । आफू भन्दा ठुलाको सम्मान तथा सानालाई माया गर्ने, आमाबुबालाई आदर सम्मान वा सम्मानित व्यक्तिहरूको इज्जतजस्ता कुराहरू नैतिक पक्षभित्र पर्दछन् । यी कुराहरूको बेवास्ता हुने गरी आमाबुबालाई अपमान, गुरूलाई हेलाँ, सम्मानित व्यक्तिलाई अनादर गर्नु नैतिक मूल्यको बेवास्ता गर्नु हो । यस्ता नैतिक मूल्यसँग सम्बन्धित कुराहरू नैतिक अदर्श हुन् । अझ भन्दा हरेक समाजमा आ-आफ्नै नैतिक मूल्य र तिनले सिकाएका आदर्श रहेका हुन्छन् । यस्ता नैतिक मूल्य र आदर्शलाई बेवास्ता हुने गरी पाठ्यपुस्तकमा चित्रहरूको संयोजन गर्नु हुँदैन । नैतिक मूल्यका आधारमा व्यक्ति तथा समाजको आदर्श निमार्ण भएको हुन्छ । यी कुराहरूलाई विशेष ख्याल गरी चित्रको संयोजन गर्नु बुद्धिमानी हुन्छ । उपर्युक्त आधारमा मेरो

नेपाली किताब कक्षा-४ स्तरीय नै रहेको देखिन्छ । नेपालको राष्ट्रिय झन्डा हाम्रो गौरब एवम् आदर्श हो । यसलाई झुक्न नदिई इज्जतपूर्वक राख्नु हाम्रो कर्तव्य एवम् जिम्मेवारी हो भन्ने कुरालाई **गाउँछ गीत नेपाली** कविताको चित्रमा पालना गरिएको छ । समग्रमा नैतिक मूल्य र आदर्शको बेवास्ता हुने गरी यस पाठ्यपुस्तकमा चित्रहरू राखिएका छैनन् । यो पाठ्यपुस्तकको सबल पक्ष हो ।

### ४.५.२.८ मनोवैज्ञानिक पक्ष अनुकूलता

पाठ्यपुस्तकमा राखिएका चित्रहरू विद्यार्थीहरूको मनोभावनामा चोट पुग्ने खालका हुनु हुँदैन । विभिन्न जात, वर्ग, पेसा, लिङ्ग, धर्म, वर्ण, सम्पत्ति आदि कुराहरूमा आधारित भएर पाठ्यपुस्तकमा राखिएका चित्रहरूले विद्यार्थीको मनोभावनामा चोट पुऱ्याउन सक्छन् । जस्तो कि, अपाङ्ग भएका व्यक्तिलाई हेलाँ गरेको चित्र, गरिब भनेर घृणा गरेको चित्र वा जातिगत हिसाबले सम्मान तथा अपमान गरेको चित्र पाठ्यपुस्तकमा राखियो भने सम्बन्धित पक्षमा आफूलाई कमजोर महसुस गरेको व्यक्तिको मनमा गम्भीर चोट पर्न जान्छ । विविध ज्ञान हासिल गर्न इच्छुक कोमल हृदय भएका विद्यार्थीहरूको मनोभावनालाई चोट नपुऱ्याउने खालका चित्रहरू पाठ्यपुस्तकमा राखिनु पर्दछ । यस आधारमा हेर्दा यो पाठ्यपुस्तक स्तरीय छ । तथापी **धनको घमण्ड** कथा र सत्यकामको अठोट कथामा भने मानवीय व्यवहारको कमी रहेको जस्तो लाग्दछ । धनको धमण्डमा गणेश र कुबेरका बीचमा अमानवीय व्यवहार पाइन्छ भने सत्यकामको अठोटमा पनि ऋषिका चेलाहरूले नयाँ चेलाको रूपमा पढ्न आएको बालकलाई गिज्याउनुले पनि अपमानजनक व्यवहार गरेको दृष्य देख्न सकिन्छ । यी दुई घटना बाहेक यस पाठ्यपुस्तकमा रहेका  अन्य चित्रहरू कुनै पनि विद्यार्थीको मनोभावनामा चोट पार्ने खालका छैनन् । यी चित्रहरूले चाहे अपाङ्ग चाहे गरिब, चाहे कम पहुँच भएका विद्यार्थीहरू हुन्; यिनीहरू कसैलाई पनि मनमा चोट पुऱ्याउने किसिमका चित्रहरू यस पाठ्यपुस्तकमा राखिएका देखिदैनन् । यस आधारमा यस पुस्तकमा समावेश गरिएका चित्रहरू उपयुक्त रहेका छन् ।

# अध्याय-पाँच

# निष्कर्ष तथा सुझावहरू

## ५.१ निष्कर्ष

कक्षा ४ को **मेरो नेपाली** किताबको २१ वटा पाठहरू मध्ये २० वटा पाठमा मात्र चित्रहरू राखिएका छन् । ती बीसवटा पाठमा जम्मा ४८ वटा चित्रहरू रहेका छन् । यी चित्रहरूलाई आन्तरिक र वाह्य गरी दुईवटा आधार र त्यसभित्र थुप्रै उपआधारहरू खडा गरी अध्ययन विश्लेषण गरिएको छ । सुरूमा पाठ्यपुस्तकमा चित्रहरूको बाह्य आधारमा र त्यसपछि आन्तरिक आधारमा विश्लेषण गरिएको छ । वाह्य आधार अन्तर्गत बनोट, दुरूस्तता र वास्तविकता, सङ्ख्यामा पर्याप्तता, चित्रको आकार, छपाइ प्रविधि, रखाइ र आकर्षण पर्दछन् भने आन्तरिक आधारमा विषयवस्तु सुहाउँदो, अमूर्त विचारलाई बुझाउन सहायक, स्व-सिकाइलाई प्रवर्धन गर्ने आदि आधारहरू पर्दछन् । यिनीहरूलाई छुट्टाछुट्टै व्याख्या विश्लेषण गरिएको छ, जसमा :

बनोटका आधारमा यस पाठ्यपुस्तकमा धेरैजसो चित्रहरू स्तरीय छन् । **बिहेको निम्तो** संबादको पहिलो चित्र खासै प्रभावकारी जस्तो देखिदैन । यसैगरी **बचत गर्ने बानी** प्रबन्ध, **नौलाख तारा** कथा, **बाग्मती नदी** प्रबन्ध र **दाजुभाइ र बुढाबा** कथा, **बालबालिकाको अधिकार** प्रबन्ध, **नरेशको यात्रा** प्रबन्ध, **पछुतो** कथा र **आधुनिक सञ्चार** प्रबन्धका केही चित्र अस्पष्ट मात्र होइन मधुरो पनि देखिन्छ ।

दुरूस्तता र वास्तविकताका आधारमा पनि धेरैजसो चित्रहरू स्तरीय छन् । **गाउँछ गीत नेपाली**मा रहेको चित्र दुरूस्तताका आधारमा हेर्दा चित्रको आकार सानो भएका कारणले बालबालिकाको चित्रमा आँखा चिम्लेको जस्तो देखिनाले उक्त चित्र दुरूस्तताका आधारमा कमजोर रहेको जस्तो देखिन्छ । तर **धनको घमण्ड**का दोस्रो र तेस्रो चित्र, **नीमको पात** कथाका दोस्रो र तेस्रो चित्र, **बाग्मती नदी** प्रबन्धको दोस्रो चित्र, **स्वस्थ बनौ** कविताको पहिलो चित्र, **आमा** कविताको एकमात्र चित्र, **सत्यकामको अठोट** कथामा दोस्रो, तेस्रो र चौथो चित्र भने दुरूस्तता र वास्तविकताका आधारमा उपयुक्त रहेका छन् ।

**गाउँछ गीत नेपाली** कवितामा राखिएको नेपालको राष्ट्रिय झण्डा लिएर उत्रिएका बालबालिकाको एउटा चित्रले सङ्ख्यागत अपर्याप्तताको सङ्केत गर्दछ । यस पाठमा नेपालको चित्र भित्र नेपालमा बसोवास गर्ने विविध संस्कृतिवाला समूहको प्रतिनिधित्व गर्ने केही नेपालीहरूको फोटो रहेको भए अझ बढी सुहाउँथ्यो होला । यसरी नै संख्यात्मक

आधारमा चित्रको अपर्याप्तता भएका पाठहरू **बचत गर्ने बानी** प्रबन्ध, **पशुपन्छी र हाम्रो कर्तव्य** संवाद, **पाप लाग्छ** कविता रहेका छन् भने सङ्ख्यात्मक आधारमा बढी भएका पाठहरू पनि छन् जसमा **नौलाख तारा** कविता, **बाग्मती नदी** प्रबन्ध, **दाजुभाइ र बूढाबा** कथा, **स्वस्थ बनौं** कविता र **आधुनिक सञ्चार** पर्दछन् । उपयुक्त पाठहरूमा सङ्ख्यात्मक हिसाबले कमी भएका ठाउँमा पाठलाई पूरै समेटेको पाइदैन भने सङ्ख्यात्मक आधारमा आवश्यकता भन्दा ज्यादा चित्रहरू भएका पाठहरूमा निरर्थक चित्रहरू समेत समावेश भएको पाइन्छ ।

यस पाठ्यपुस्तकमा प्रयोगमा ल्याइएका चित्रहरू आकारगत हिसाबले झण्डै पच्चिस प्रतिशत चित्रहरू बाहेक स्तरीय नै रहेका देखिन्छन् । **गाउँछ गीत नेपाली** कवितामा रहेको चित्र नै आयात्मक हिसाबले सानो रहेको छ । यस्तै **धनको घमण्ड** कथामा रहेका तीनवटै चित्रहरू आकारका दृष्टिले उपयुक्त एवम् स्तरीय देखिन्छन् । यसै गरी **बचत गर्ने बानी** प्रबन्धमा रहेको एउटा चित्र ठूलो भएको भए बैंकमा देखिएको चहलपहल अझ स्पष्ट देखिने थियो । **नौलाख तारा** कवितामा रहेका सबै चित्रहरू आकारगत हिसाबले साना रहेका छन् । यसैगरी **नीमको पात** कथामा रहेका तीनवटा चित्रहरूमा दोस्रो र तेस्रो चित्र आकारका हिसाबले स्तरीय छन् भने पहिलो चित्र अलि सानो रहेको पाइन्छ । **बाग्मती नदी** प्रबन्ध, कथा, **स्वस्थ बनौं** प्रबन्ध, **आमा** कविता, **बजा लौरी डाङडुङ** कथामा रहेका चित्रहरू आकारगत दृष्टिले उपयुक्त एवम् स्तरीय रहेका छन् । यस्तै **बिहेको निम्तो** संवादमा रहेका तीन चित्रहरू भने आकारका दृष्टिले पहिलो र तेस्रो सानो भए तापनि दोस्रो चित्र भने धेरै ठूलो रहेको  छ ।

**नरेशको यात्रा** प्रबन्धमा रहेका चार चित्रहरूमा आकारगत हिसाबले अलि साना भए तापनि चित्रहरूमध्ये दुईवटा चित्रहरू पूर्णकदको नभई अर्धकदको रहेकाले पनि कक्षा चारका विद्यार्थीहरूलाई चित्रको अध्यापन गराउन अलि समस्या हुने देखिन्छ । **पशुपन्छी र हाम्रो कर्तव्य** संवाद, **पाप लाग्छ** कवितामा रहेका एक एक चित्रहरू आकारका दृष्टिले उपयुक्त रहेका छन् । **पछुतो** कथामा रहेका तीन चित्रहरू **बालबालिकाको अधिकार** प्रबन्धमा रहेका दुई चित्रहरू आकारका दृष्टिले साना भएकाले उपयुक्ततामा कमी देखिन्छ । **लक्ष्य** कवितामा रहेको एउटा चित्र, **सत्यकामको अठोट** कथाका चार चित्रहरूमध्ये पहिलो र तेस्रो चित्रहरू अलि साना रहेका छने भने दोस्रो र चौथो चित्रहरू आकारगत हिसाबले उपयुक्त छन् । अन्त्यमा **आधुनिक सञ्चार** प्रबन्धमा रहेका चार चित्रहरूमध्ये दोस्रो चित्र आकारका हिसाबले उत्तम भए तापनि बाँकी तीन चित्रहरू निकै साना र अस्पष्ट रहेका छन् । यसरी चित्रहरूको आकारगत हिसाबले हेर्दा आधाभन्दा बढी चित्रहरूमा आकारगत त्रुटी रहेको पाइन्छ । यस

विषयमा पाठ्यपुस्तक निर्माता तथा सम्बन्धित निकायहरूको ध्यान पुग्न नसकेको जस्तो देखिन्छ ।

वास्तवमा कक्षागत आधारमा चित्रहरू आकर्षक हुन रङ्गिन हुन जरूरी हुन्छ । तथापी आकर्षणका हिसाबले हेर्दा यस पुस्तकका चित्रहरू पनि आकर्षक नै रहेका छन् । **गाउँछ गीत नेपाली, नीमको पात**का दुई चित्र, **धनको घमण्ड**का दोस्रो र तेस्रो चित्र, **बाग्मती नदी**को दोस्रो चित्र, **दाजुभाइ र बूढाबा**का पाँचै र छैटौं चित्र, **स्वस्थ बनौं**को पहिलो चित्र, **आमा** कविताको एकमात्र चित्र, **बजा लौरी डाङडुङ** कथाका चित्रहरू र **सत्यकामको अठोट** कथाका दोस्रो र चौथो चित्रहरू आकर्षक छन् भने बाँकी चित्रहरू कुनै न कुनै दृष्टिकोणबाट तुलनात्मक रूपमा कम आकर्षक छन् ।

यस पाठ्चपुस्तकमा राखिएका चित्रहरू विषयवस्तुका हिसाबले **गाउँछ गीत नेपाली**, **नीमको पात**का दुई चित्र, **धनको घमण्ड**का दोस्रो र तेस्रो चित्र, **बाग्मती नदी**को दोस्रो चित्र, **दाजुभाइ र बूढाबा**का पाँचै र छैटौं चित्र, **स्वस्थ बनौं**को पहिलो चित्र, **आमा** कविताको एकमात्र चित्रहरू स्तरीय छन् । **बचत गर्ने बानी, नीमको पात**को पहिलो चित्र, **बाग्मती नदी**को पहिलो चित्र, **दाजुभाइ र बूढाबा** कथाका दोस्रो र तेस्रो चित्र, **बुबाको चिठ्ठी**को खामको नमूना, **नौलाख तारा**को तेस्रो चित्र आदि विषयवस्तुका हिसाबले अपुग र अस्पष्ट रहेका देखिन्छन् ।

यहाँ राखिएका चित्रहरू अमूर्त विचारलाई बुझाउन सफल भएका छन् । यहाँका चित्रहरू हेरेर विद्यार्थीहरूमा अमूर्त विचारहरू उत्पन्न हुन्छन् तर मन कविताको चित्र भने आफैं अमूर्त भएकाले कतिपय विद्यार्थीहरूलाई बुझ्नै कठिन भएको छ ।

यस पाठ्चपुस्तकमा प्रयोग गरिएका चित्र देखेपछि विद्यार्थीमा आफैं सिक्न जागरूक हुने बानीको विकास हुने देखिन्छ । यी चित्रहरू सिर्जनात्मक विचारलाई जगाउने खालका समेत देखिन्छन् । चित्र हेरेर आफ्नो व्यवहारमा परिवर्तन गराउने तथा चित्र कोर्ने बानीको पनि विकास गर्न सघाउने खालका चित्रहरू भएकाले यी चित्रहरू सिर्जनात्मक क्षमता विकास गर्न सहयोगी देखिन्छन् ।

यस पाठ्चपुस्तकमा प्रयोग गरिएका चित्रहरू बहुसङ्ख्यक विद्यार्थीको बौद्धिक क्षमता सुहाउँदा छन्, केबल **बाग्मती नदी**को पहिलो चित्र र **आधुनिक सञ्चार**को दोस्रो चित्रलाई थोरै विद्यार्थीहरूले केही मात्रमा बुझ्न सक्दछन् ।

यहाँ रहेका चित्रहरू साँस्कृतिक तथा भौगोलिक पूर्वाग्रहबाट मुक्त छन् । लैङ्गिक हिसाबले यो पुस्तक त्यति स्तरीय देखिदैन । करिव ८० प्रतिशत पुरूष तथा करिव २०

प्रतिशत महिला र नौवटा मानवेत्तर चित्रहरू राखिएका छन् । ३८ वटा मानवीय चित्रहरूमध्ये दुईवटा महिला मात्रको चित्र राखिनुले आधाभन्दा बढी जनसंख्या भएको देशमा पठन-पाठनमा ल्याइएको पाठ्यपुस्तकमा यस्तो पक्षपात हुनु लिङ्गगत पूर्वाग्रहको लक्षण हो भन्न सकिन्छ । यस्तै नैतिक मूल्य र आदर्शको ख्याल गरिएको र विद्यार्थीको मनोभावनामा चोट नपर्ने हिसाबले चित्रहरू संयोजन गरिएको छ ।

## ५.२ सुझाव

यस पाठ्यपुस्तकमा रहेका कमीकमजोरीहरूलाई निम्न सुझावहरू दिन सकिन्छ :

कक्षा चारको हाम्रो नेपाली किताबमा समाविष्ट चित्रहरूले पाठ्यविषय र बोधको केन्द्रीयताको प्रतितिधित्व गर्न सक्नुपर्छ । पाठमा शीर्षक अनुसार प्रतिनिधित्व हुने चित्रहरू राख्नु आवश्यक छ । यस किताबमा कतिपय चित्रहरू विषयवस्तु अनुसार मिलेका छैनन् । तसर्थ चित्रहरू राख्दा विषयवस्तु अनुकूल राख्नु पर्दछ ।

पाठ्यपुस्तकमा  प्रयुक्त चित्रहरू जङ्गल, आकाश, हिमाल, झरना, मानिस आदिका चित्रहरूमा सुहाउँदो रङ्ग प्रयोग गरिएको खण्डमा टाढाबाट नै यो चित्र आकर्षक हुन्थ्यो । विद्यार्थीहरूलाई थोरै समयमा धेरै कुरा सिकाउन सकिन्छ । त्यसैले पाठ्यपुस्तकमा चित्रहरू राख्दा भरसक विभिन्न रङ्गको प्रयोगमा जोड दिनुपर्दछ ।

पाठमा चित्रहरू रखाइका दृष्टिले पनि उचित हुनुपर्छ । रखाइको ढाँचा र क्रम समेत मिलेको हुनुपर्छ । यस्ता कुरामा पनि पाठ्यपुस्तक निर्माताले ध्यान दिनुपर्छ ।

पाठ्यपुस्तक निर्माताहरूले पाठ्यपुस्तकमा चित्रहरूको उपयुक्तता स्पष्ट रूपमा केलाई पाठ्यपुस्तक निर्माण गर्नुपर्ने देखिन्छ ।

यस पाठ्यपुस्तकमा राखिएका चित्रहरू आकर्षक नभएकाले पाठप्रति आकर्षण बढाउन स्पष्ट चित्र राखिनु पर्दछ ।

पाठ्यपुस्तकमा भाषिक सीप, विषयगत ज्ञान र धारणा दिने खालका चित्रहरू छापिनुपर्छ । भाषा पाठ्यपुस्तकमा प्रयोग गरिने चित्रहरू सामाजिक र मानसिक रूपमा विद्यार्थीमा सकरात्मक छाप पर्ने खालका हुनुपर्छ भन्ने कुरामा पाठ्यपुस्तक निर्माताको ध्यान जानु आवश्यक छ ।

आकार प्रकारमा चित्रहरू कक्षाको स्तर अनुसार साना कक्षामा ठूला आकर्षक हुनुपर्छ, कक्षा चारको पाठ्यपुस्तकमा प्रयुक्त चित्रहरू भन्दा ठूला हुनु पर्नेछ ।  **दाजुभाइ र बुढाबा** कथामा समाविष्ट चित्रहरू छवटा चित्रहरूमा दोस्रो र चौथो चित्रहरू छपाइका दृष्टिले

अस्पष्ट छन् भने **नरेशको यात्रा** प्रबन्धमा रहेका चार चित्रहरू मध्ये पहिलो चित्र नै छपाइ प्रविधिका दृष्टिले कमजोर रहेको छ ।

यस पाठ्यपुस्तकमा प्रयोग गरिएका चित्रहरू कतै कतै सङ्ख्यागत हिसाबले कमजोर रहेको देखिन्छ । **गाउँछ गीत नेपाली** कवितामा रहेको चित्र आयात्मक हिसाबले सानो रहेको छ ।

विषयवस्तु राखिएकै ठाउँमा चित्र राखिनु पर्ने कुरामा पाठ्यक्रम निर्माताको ध्यान जानु जरूरी छ । **दाजुभाइ र बुढाबा** कथाका तेस्रो र चौथो चित्रहरू रखाइका हिसाबले कथाको प्रसङ्गभन्दा पछाडि रहेका छन् र **आमा** कविताको चित्र पनि प्रसङ्ग अनुकूल छैन यस कुरामा पाठ्यपुस्तक निर्माताको ध्यान जानु आवश्यक छ ।

दृष्य कुरालाई मात्र नभएर अदृष्य वा अमूर्त विचार तथा भावलाई बुझाउने गरी पाठ्यपुस्तकमा चित्रहरूको संयोजन गर्नुपर्दछ । यस आधारमा **गाउँछ गीत नेपाली** कवितामा नदीनाला, हिमाल, नेपालको चित्र हुन जरूरी छ । जसका माध्यमबाट पाठले भन्न खोजेको कुरालाई प्रष्ट पार्नमा प्रसस्त सहयोग हुन्छ ।

## ५.३ शोध अध्ययनको शैक्षणिक प्रयोजन

शोध अध्ययनको शैक्षणिक प्रयोजन निम्नानुसार रहेका छन् ।

1= भाषा सिकाइमा प्रभावकारिता हुन्छ ।

2= पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्मातालाई पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गर्न मार्ग निर्देश गर्दछ ।

3= शिक्षकलाई भाषा शिक्षण गर्न सजिलो हुन्छ ।

4= विद्यार्थीहरुको सिकाइ रुचीपूर्ण भई प्रभावकारी सिकाइका लागि सहयोग पुऱ्याउँछ ।

5= भावी अनुसन्धाताहरुलाई यसका विषयमा शोध गर्न सहयोग पुऱ्याउँछ ।

## ५.४ भावी अध्ययनका लागि सम्भावित शीर्षक

चित्रहरूको शुक्ष्म, गहन र प्रभावकारी अध्ययन गर्ने क्रममा भावी शोध अध्ययनका लागि निम्नानुसार शीर्षकहरू रहेका छन् ।

1= चित्रहरूको लैङ्गिक अध्ययन ।

2= चित्रहरूको सामाजिक अध्ययन ।

3= चित्रहरूको जातिगत तथा भेषभूषागत अध्ययन ।

4= चित्रहरूको भौगोलिक अध्ययन ।

5= चित्रहरूको पर्यावरणीय अध्ययन ।

6= भाषा शिक्षणमा चित्रहरुको उपयोगिता ।

7= बालमनोवैज्ञानिक दृष्टिले कक्षा ४ को पाठ्यपुस्तक प्रयुक्त चित्रहरुको अध्ययन ।

# परिशिष्ट–१

## सम्बन्धित विज्ञहरुलाई सोधिएका प्रश्नावली

1= भाषा पाठ्यपुस्तकमा चित्रहरुको उपयागिताहरु के के हुन सक्छन् ?

2= बालबालिकाहरुको भाषा सिकाइमा चित्रले कस्तो प्रभाव पार्दछ ?

3= शिक्षकहरुलाई भाषा सिकाउन चित्रले कस्तो भूमिका निर्वाह गर्दछ ?

4= बालबालिकाका लागि बनाइने भाषा पाठ्यपुस्तकमा कस्तो चित्रहरु बढी उपयोगी हुन सक्छन् ?

5= प्रारम्भिक तहका बालबालिकाहरुका लागि रङ्गिन चित्रहरु कत्तीको प्रभावकारी हुन्छन् ?

# सन्दर्भ सामग्री सूची

अधिकारी, हेमाङ्गराज (२०४४), ***शिक्षालाई जीवनोपयोगी बनाउने कारक तत्वहरू,*** काठमाडौं : त्रिभुवन विश्वविद्यालय विकास तथा अनुसन्धान केन्द्र ।

ऐ. (२०५०), ***नेपाली भाषा शिक्षण,*** काठमाडौं : कुञ्जन प्रकाशन ।

अधिकारी, हेमाङ्गराज र बद्रीविशाल भट्टराई (२०६१), ***प्रयोगात्मक नेपाली शब्दकोश,*** काठमाडौं : विद्यार्थी पब्लिकेसन प्रा.लि. ।

अधिकारी, हेमाङ्गराज र बद्रीविशाल भट्टराई (दो.सं.२०६९), ***प्रयोगात्मक नेपाली शब्दकोश,*** काठमाडौं : विद्यार्थी पब्लिकेसन प्रा.लि. ।

कार्की, कल्पनाकुमारी (२०७०), ***कक्षा ६ को नेपाली पाठचपुस्तकमा समाविष्ट चित्रहरूको सान्दर्भिकताको अध्ययन,*** काठमाण्डौं (अप्रकाशित) स्नातकोत्तर शोधपत्र, महेन्द्र रत्न क्याम्पस ताहाचल ।

के.सी., मिनबहादुर (२०६७), ***प्राथमिक तहका नेपाली पाठचपुस्तकमा समाविष्ट चित्रहरूको लैङ्गिक अध्ययन,*** कीर्तिपुर (अप्रकाशित) स्नातकोत्तर शोधपत्र, त्रि.वि.वि. ।

खड्का, प्रयागराज (२०५९), ***कक्षा ६ को नेपाली पाठचपुस्तकमा समाविष्ट चित्रहरूको अध्ययन ,*** काठमाण्डौं (अप्रकाशित) स्नातकोत्तर शोधपत्र, महेन्द्र रत्न क्याम्पस ताहाचल ।

घिमिरे, विष्णु (२०५३/२०५५), ***प्राथमिक कक्षा (१, २ र ३) का नेपाली पाठचपुस्तकमा राखिएका चित्रहरूको अध्ययन,*** *कीर्तिपुर* (अप्रकाशित) स्नातकोत्तर शोधपत्र, त्रि.वि.वि.।

दुलाल, ध्रुवप्रसाद (२०६७), ***'कक्षा सातको नेपाली किताबमा समाविष्ट चित्रहरूको अध्ययन'*** काठमाण्डौं (अप्रकाशित) स्नातकोत्तर शोधपत्र, महेन्द्र रत्न क्याम्पस ताहाचल ।

पाठ्यक्रम विकास केन्द्र, (२०५७), ***प्राथमिक पाठ्यक्रम दिग्दर्शन,*** भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

पाठ्यक्रम विकास केन्द्र, (२०६९), ***मेरो नेपाली किताब, कक्षा ४,*** भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

पाँडे, रामकुमार (२०५४), ***सामाजिक शिक्षा सिद्धान्त र शिक्षण,*** काठमाण्डौँ : रत्न पुस्तक भण्डार ।

पाण्डे, ज्ञानप्रसाद (२०६४), ***कक्षा ९ को नेपाली किताबमा समाविष्ट चित्रहरूको अध्ययन,*** काठमाण्डौं (अप्रकाशित) स्नातकोत्तर शोधपत्र, महेन्द्र रत्न क्याम्पस ताहाचल ।

पोखरेल, केशवराज र उमेश काफ्ले (२०७०) **पाठ्यक्रम पाठ्यपुस्तक र शिक्षण पद्धति**, काठमाण्ठौंः क्याम्ब्रिज पब्लिकेशन प्रा.लि. ।

पोखरेल, बालकृष्ण सम्पा. (२०४०), ***बृहत् नेपाली शब्दकोश,*** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

पौडेल, माधवप्रसाद (२०६७), ***भाषा पाठचक्रम, पाठच सामाग्री तथा शिक्षण पद्धति,*** काठमाण्डौं : विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी ।